**आफ्नै सूचना**

यो अंक प्राविधिक कारणले चार पेज मात्र प्रकाशित गरिएको छ। पाठकहरुमा पर्न गएको असुविधाप्रति हामी क्षमाप्रार्थी छौं।

*-जनादेश साप्ताहिक*

क्रान्तिकारी आवाज

# जनादेश

साप्ताहिक

**माओवादीद्वारा आत्मालोचना**

चितवन/जगतपुरको प्रेमबहादुर ढोकटको मृत्युप्रति नेकपा (माओवादी) चितवनले आत्मालोचना गरेको छ। पार्टीको नीति विपरीत उक्त घटना भएको जानकारी गराउँदै चितवन जिल्ला समितिका तर्फबाट क.अविनाशले सो घटनाको छानविन गरी घटनामा संलग्न पार्टी नेतृत्व र कार्यकर्तालाई कार्वाही गरिने बताउनुभएको छ।

क.अविनाशले बैशाख ३१ जारी गर्नुभएको एक प्रेस वक्तव्यमा निज ढोकटले एक *बाँकी ४ पेजमा*

वर्ष-१५ | अंक-२५ | २०६३ जेठ २ गते, मंगलबार | मे १६, २००६ | मूल्य रू ३/५०

# ‘वार्ता प्रक्रियाले छिट्टै गति लिनेछ’



**काठमाडौं/नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष क.प्रचण्डले माओवादी र सरकारबीचको वार्ता प्रक्रियाले छिट्टै गति लिने बताउनुभएको छ।**

**अध्यक्ष क.प्रचण्डले जनादेशलाई अन्तर्वार्ता दिंदै भन्नुभएको छ- “यसपटकको वार्ता पहिलेको दुई वार्ताभन्दा भिन्न पृष्ठभूमि र परिवेशमा हुँदैछ। नेकपा (माओवादी) र सात राजनीतिक दलका बीचमा सम्पन्न १२-बुँदे समझदारीको पृष्ठभूमि र ऐतिहासिक जनआन्दोलनको परिवेशले यो भिन्नतालाई स्पष्ट गर्दछ। यो अवस्थाको गम्भीर विश्लेषण गरेर हाम्रो पार्टीको हालै बसेको केन्द्रीय समितिको बैठकले सामन्ती निरंकुशतन्त्रका तर्फबाट हुनसक्ने षडयन्त्रलाई ध्वस्त पार्ने तथा १२ बुँदे समझदारीलाई कार्यान्वयन गर्ने उद्देश्यका साथ सात दलको सरकारसँग वार्तामा बस्ने निर्णय गरिसकेको छ।”**

**अध्यक्ष क.प्रचण्डसँग समसामायिक विषयमा लिइएको अन्तर्वार्ता-**

*युद्धविराम भएर तपाईंहरुको तर्फबाट वार्ता टोली गठन भइसक्दा पनि सरकारले वार्ता टोली गठन गरेर वार्ता गर्न किन ढिलाइ गरेको होला ?*

ने.क.पा.(माओवादी) का तर्फबाट युद्धविरामको घोषणा भइसकेपछि आफ्ना तर्फबाट आचारसंहिताको मस्यौदा सात दलको सरकारलाई बुझाइ सकिएको छ र वार्ताटोलीको घोषणा पनि गरिसकिएको छ। तर, सात दलको सरकारको तर्फबाट अहिलेसम्म वार्ताटोलीको घोषणा भइसकेको छैन। सायद यसका पछाडि सात दलका बीचमा आम सहमति बनाउने प्रक्रिया रहेको होला। ‘भ्यागुताको धार्नी’ पुऱ्याउन गाह्रो पर्ने पुरानो रोगबाट सात पार्टीहरु मुक्त हुने अपेक्षा यसपटक सर्वत्र गरिएको छ। आशा गर्न सकिन्छ कि अब छिटै वार्ता प्रक्रियाले गति लिन्छ।

*तपाईंहरुले तयारी र शिखर वार्ता गरी दुई वार्ता कमिटी गठन गर्नुभएको छ। तपाईंको नेतृत्वमा बनेको शिखर वार्ता कस्तो अवस्थामा सार्वजनिक हुन्छ ?*

यसपटकको वार्ता पहिलेका दुई वार्ताभन्दा भिन्न पृष्ठभूमि र परिवेशमा हुँदैछ। ने.क.पा.( माओवादी) र सात राजनैतिक दलका बीचमा सम्पन्न १२-बुँदे समझदारीको पृष्ठभूमि र ऐतिहासिक जनआन्दोलनको परिवेशले यो भिन्नतालाई स्पष्ट गर्दछ। यो अवस्थाको गंभीर विश्लेषण गरेर हाम्रो पार्टीको हालै बसेको केन्द्रीय समितिको बैठकले सामन्ती निरंकुशतन्त्रका तर्फबाट हुनसक्ने षडयन्त्रलाई ध्वस्त पार्ने तथा १२-बुँदे समझदारीलाई कार्यान्वयन गर्ने उद्देश्यका साथ सात दलको सरकारसँग वार्तामा बस्ने निर्णय गरिसकेको छ। सामन्तवाद र साम्राज्यवादको शोषण-उत्पीडनबाट नेपाल र नेपाली जनतालाई मुक्त गरी नयां लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने संभावना र चुनौतीले भरिएको अहिलेको स्थितिमा पार्टीले तयारी वार्ता र शिखर वार्ताका लागि अलग-अलग वार्ताटोलीको सार्वजनिक घोषणा गरिसकेको छ। शिखर वार्ताको नेतृत्व अध्यक्षबाट नै गरिने निर्णय कार्यान्वयन तयारी वार्ताको प्रगतिमा भर पर्दछ।

*तपाईंहरुले सरकारलाई दिनु भएको आचारसंहितालाई अझै सरकारले स्वीकार गरेको देखिदैंन। आचारसंहितामा विवाद त छैन ? यसको इमान्दारीपूर्वक कार्यान्वयन होला ?*

आचारसंहिताका विषयमा सात पार्टीभित्र छलफल चलिरहेको छ। आचारसंहितामा कुनै गंभीर विवाद हुने स्थिति हामीले देखेका छैनौं। १२-बुंदे समझदारीले आचारसंहिता निर्माण र त्यसको कार्यान्वयन प्रक्रियालाई दिशा-निर्देश गरेकाले त्यो दिशामा कुनै ठूलो समस्या नआउने विश्वास गर्न सकिन्छ। समझदारी विपरीत आचरण गर्न खोज्नेहरु जनसमुदायका अगाडि सजिलै नाङ्गिने छन्।

*जनहत्या र जनदमन गर्न कमाण्डरको भूमिका खेल्नेहरुलाई कार्वाही वार्तापूर्वको शर्त र राख्नुभएको थियो। तीन जना शाही सुरक्षाकर्मीलाई कार्वाही गरिएको छ। तर शाही सेना प्रमुख अझै कार्वाही मुक्त हुनुलाई कसरी लिनु भएको छ ?*

हामीले शाही सेनाका नाइकेहरु तथा प्रहरी प्रमुखहरुमाथि कार्यवाहीको कुरा वार्ताको पूर्व सर्तका रुपमा नभएर जनआन्दोलनको भावना र आकांक्षाको कार्यान्वयनका लागि अनिवार्य ठानेर गरिरहेका छौं। प्रहरी प्रमुखहरुमाथि निलम्बनको कुरा गरेर सरकारले त्यो दिशामा सकारात्मक कदम चाल्न खोजेको संकेत दिएको छ। तर, सामन्ती दरवार र निरंकुशतन्त्रको मुख्य पक्षपोषक ‘शाही’ सेनाका नाइकेहरुमाथि कार्यवाही गर्न हिच्किचाएर सरकारले जनताको भावनाअनुसार काम गर्न खुट्टा कमाएको तथ्य पनि प्रदर्शन गरिरहेको छ। हामी कथित शाही सेनाको लोकतान्त्रीकरणका लागि यसका नाइकेहरुमाथि बेहिचक कार्यवाही अगाडि बढोस् भन्ने चाहन्छौं। यदि निरंकुशतन्त्रका प्रमुख हतियार शाही सेनाका नाइकेहरु यथावत रहे भने अन्य कार्यवाहीहरु, जनतालाई भ्रम दिन कमजोरलाई बलीको बोको बनाएको कुरा मात्र साबित हुनेछ।

*तपाईंले अहिले गणतान्त्रिक मोर्चाको प्रस्ताव राख्नुभएको छ। यस्तो मोर्चा बन्ने सम्भावना कत्तिको छ ? र, यसले कस्तो भूमिका खेल्नेछ?*

*बाँकी ४ पेजमा*

## अब हामी बिदा भयौं

**महेश्वर दाहाल**

*जनादेशमा कार्यरत चारैजना सम्पादकहरुले यस अंकदेखि अवकाश ग्रहण गरेका छौं। नेपालमा चालु गणतन्त्रात्मक आन्दोलनसँग अझ बढी एकाकार हुनका लागि नै हामीले जनादेशको सम्पादन कार्यबाट अलग्गिएका हौं।*

*ओम शर्मा, गोविन्द आचार्य र मसँग क्रान्तिकारी पत्रकारिताको लगभग साझा अनुभव छ। हामीले असाध्यै दु:खका दिनमा काठमाडौंबाट जनपक्षीय पत्रकारिताको यात्रा सुरु गऱ्यौं। राजधानीबाट केही सय मात्र निस्कने जनादेशलाई बचाउन यसको पत्रकार, व्यवस्थापक र हकर बनेर यसको दियो जलायौं। हामीलाई त्यसो गर्नैपर्ने कुनै बाध्यता त थिएन। जनता र राष्ट्रको पक्षमा क्रान्तिकारी पत्रकारिता गर्नुपर्ने आवश्यकताबोध गरेर नै संघर्षको मैदानमा उत्रियौं। हामीले यी १५ वर्ष आँधी-हुरीबाट हुर्रिदैं,असिनाबाट चुटिदैं र काँडामाथि हिंडेर विजय प्राप्त गऱ्यौं। केही वर्षयता जनादेश सबैभन्दा बढी लोकप्रिय पत्रिका बनेकोमा हामीलाई गर्व छ।*

*जनतालाई जागृत गर्न निरंकुश शाही सत्ताको बन्देजलाई तोड्दा हामीले शाही सरकारबाट बुट र जनताबाट असाध्यै माया पायौं। हामीले हाम्रा आत्मीय अग्रज कृष्ण सेन लगायत एक दर्जन सहयोद्धाहरुलाई यसबीचमा गुमायौं। युद्धको रिपोर्ट गर्ने क्रममा गम्भीर घाइते हुनुभएका चन्द्रमान श्रेष्ठहरुका पीडा बेहऱ्यौं। हामी आफै पनि थुप्रैपटक मृत्युको मुखमा पुगेर बाँच्यौं। यो दश वर्षमा हामीले आतंकको बीचबाट क्रान्तिको इतिहास लेख्यौं, सत्यको पक्षमा लेख्यौं। लाखौं पाठक यसको साक्षी हुनुहुन्छ।*

*हामीले सत्य लेख्दा मिठाइको मीठो स्वाद चाख्यौं र फलामको चिउरा पनि चपायौं। यसबीचमा हजारौं विजय र पराजयको अनुभव संगाल्यौं। जनविरोधी सत्ताका विरुद्ध कठोर संघर्षमा उत्रिएको एउटा पत्रकारले जे पाउनुपर्थ्यो त्यो सबै हामीले पायौं। जीवनलाई राजीनामा दिएर पत्रकारिता गर्दा कतिपय कमरेडहरुबाट उपेक्षा र तिरस्कार समेत पायौं। त्यो हाम्रो लागि सबैभन्दा पीडादायक थियो। हामीले देश, जनता र क्रान्तिलाई अहित हुने गरी जानेर कहिले कलम चलाएनौं। दवाव र प्रभावमा परेर झुट्टो इतिहास लेखेनौं। हामीले जनादेशमा काम गर्दा आफूलाई विर्सिएर क्रान्तिको हितमा सोच्यौं, लेख्यौं।*

*जनादेशलाई पाठकले जसरी माया दर्शाउनु भयो, कतिपय बेलामा हामीले उहाँहरुलाई न्याय गर्न सकेनौं। जनादेशलाई निरन्तरता दिनु नै हाम्रो सफलता हुने भएकाले यसको स्तरीयताको पाटोलाई कतिपय समयमा ध्यान दिन संभव भएन। हाम्रो धेरैजसो कार्यालय झोलामा हुने र देशैभरिको सूचना प्रविधिलाई जोड्न हामीलाई अप्ठ्यारो पर्ने गर्दथ्यो। शाही सत्ताले राजधानीबाट लखेटेपछि पनि उच्च र कमसल दुवै प्रविधिलाई अँगालेर हामीले त्यसका विरुद्धको हस्तक्षेपलाई जारी राख्यौं। अहिले परिस्थिति बदलिएको छ र फेरि राजधानीमैं कार्यालय राखेर पत्रिका चलाउनसक्ने अवस्था छ। यसलाई व्यवस्थित गरेर अगाडि बढाउन पहिले जस्तै सहज भएको छ।*

*हामीले देश र जनताको पक्षमा आफूलाई पूरै समर्पित गऱ्यौं र ठूलो जोखिम मोलेर निरन्तर कलम चलाइराख्यौं।* जनादेशलाई क्रान्तिकारी आवाज बनाइरह्यौं। यसा गर्दा हामीलाई जनताको न्यानो माया प्राप्त भएको छ। *यही नै हाम्रो जीवनको सबैभन्दा ठूलो कमाइ हो। यो सफलताको श्रेयको भागिदार हामी मात्र छैनौं। यसमा जनतालाई मुक्ति दिने सर्वहारा विचार, त्यसलाई लागू गर्दा आत्मवलिदान दिने कृष्ण सेन लगायत शहीदहरु, हामीलाई विचारले निर्देशित गरिरहने अध्यक्ष क.प्रचण्ड लगायत माओवादी नेताहरु, हाम्रो आग्रहलाई विना आनाकानी अनवरत सहयोग गर्नुहुने डा. ऋषिराज बराल, ईश्वरचन्द्र ज्ञवालीसहित लेखक तथा साहित्यकारहरु, जोखिमका साथ युद्ध मैदानमा पुगेर रिपोर्ट गर्ने सम्वाददाताहरु, पूर्वसम्पादक नारायण शर्मा, जनादेशमा धेरै वर्षदेखि कम्प्युटर अपरेटर गर्ने दीपक मैनाली, नीमबहादुर बुढाथोकी, अझ विशेषगरी श्रद्धेय पाठकहरु जनादेशको सफलतामा हकदार हुनुहुन्छ। हाम्रो विचार बचाएर जीवन रक्षा गर्न सहयोग गर्नुहुने राष्ट्रिय-अन्तर्राष्ट्रिय पत्रकार तथा मानवअधिकारवादी संघ/संस्था, खासगरी नेपाल पत्रकार महासंघको गुनलाई हामीले कहिल्यै बिर्सन सक्तैनौं। असाध्यै कठिन घडीमा पनि जीवनलाई जोखिममा राखेर समाचार श्रोतको रुपमा सहयोग गर्नुहुने सहयोगी पत्रकार मित्रहरु तथा विभिन्न सूत्रहरु, जसका नाम अहिले किट्ने बेला भइसकेको छैन, लाई हामी सदैव सम्झी रहनेछौं। यी सबैको कूल योगले नै जनादेश, जनादेश बनेको छ, क्रान्तिकारी आवाज बन्न सफल भएको छ।*

*जनादेश साप्ताहिकले आफ्नो स्वत्व बचाइराखोस्! व्यावसायिक सतही सनसनीपूर्ण पत्रकारिताबाट अलग भएर यो सर्वहारा विचार र निष्ठाको सतीसाल बनिरहोस्! साम्राज्यवादीहरुले फौजी हतियार र विचार समेत निर्यात गरेर संसारभरि एकछत्र शासन चलाउन खोजिरहेका छन। भाडाका मान्छे राखेर ठूलठूला एजेन्सीमार्फत् र संसारलाई विचारद्वारा हस्तक्षेप बढाएका छन। यी सबै प्रदुषणलाई चिर्दै जनादेशले उत्पीडित र उपेक्षित जनताको पक्षमा पत्रकारिता गर्नुपर्ने दायित्व अझ बढेको छ। यसलाई अब आउने नयाँ पुस्ताले पूरा गर्नसक्ने अपेक्षा हामीले गरेका छौं।*

*नेपाली जनताको हिजो पराजयको इतिहास हो। पिछडिएको चेतनाको कारण नै हामीले हार्दै आयौं। नेपाली जनता अहिले जागरुक भएका छन्, आफ्नो तागत चिनेका छन्। यसैले अब जनताको विजययात्रा प्रारम्भ भएको छ, तर यो अन्तिम विजय यात्रा होइन। यसैलाई विजय मानेर हामी हौसियौं भने हामी खाडलमा पर्नेछौं। आगामी समयमा जनताका विरुद्ध हुनसक्ने ठूला षड्यन्त्र, जोखिम र चुनौतीका विरुद्ध लडाईं लड्न बाँकी नै छ। त्यसैले हामी अझ चनाखो र सक्रिय हुन जरुरी छ। नयाँ भूमिकासहित हामी जनताका बीचमा जानेछौं। जनादेशबाट हामी हटे पनि हाम्रो पत्रकारितासँगको साइनो भने टुट्ने छैन।*

*हिमालबाट बगेको नदीको वेगजस्तै जनादेशको प्रवाह बगिरहोस्, जनताका बीचमा रहेर जनताको हृदयको ढोका खोलिरहोस्, हाम्रो यही शुभकामना !*

## माओवादीको शान्ति र अग्रगमनको मार्गचित्र

काठमाडौं/नेकपा (माओवादी) को हालै सम्पन्न केन्द्रीय समितिको विशेष बैठकले शान्ति र अग्रगमनको मार्गचित्र पारित गरेको छ। अध्यक्ष क.प्रचण्डले वैशाख ३० गते एक प्रेस वक्तव्य जारी गर्नुभई ती निर्णयहरु सार्वजनिक गर्नुभएको हो।

बैठकले सात दलको सरकारसँग वार्ताका लागि १० बुँदे मार्गचित्र पारित गरेको छ। सो मार्गचित्र निम्नअनुसार रहेको छ- युद्धविराम गर्ने, आचारसंहिता निश्चित गर्ने, वार्ता टोलीको गठन, आम राजबन्दीको रिहाइ, वार्ता आरम्भ गर्ने, पुरानो संसद, संविधान र सरकार विघटन र खारेज गर्ने, राजनैतिक दल, नागरिक समाज र विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरुसमेतको प्रतिनिधित्वमा राजनैतिक सम्मेलन गरी अन्तरिम विधान र अन्तरिम सरकारको गठन गर्ने, नेपाली समाजका सबै वर्ग, जाति, क्षेत्र र लिंगका जनसमुदायको प्रतिनिधित्व सुनिश्चित हुने गरी निर्वाचन क्षेत्रको निर्धारण, भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणसहित संविधानसभाको निर्वाचन गर्ने, निर्वाचनमा अभिव्यक्त जनमत अनुसार जनमुक्ति सेना र ‘शाही’ सेनासमेत समग्र राज्यको पुनर्संरचना गर्ने।

वक्तव्यमा ‘वार्ताका सन्दर्भमा महत्वपूर्ण निर्णय गर्न शिखर वार्ता गर्नुपर्ने तथा त्यसप्रकारको शिखर वार्तामा अध्यक्ष क.प्रचण्डले नै वार्ता टोलीको नेतृत्व गर्ने ठेगान’ गरेको उल्लेख गरिएको छ। सो शिखर वार्ताको तयारीका लागि तत्काल केन्द्रीय समितिका प्रवक्ता कृष्णबहादुर महराको नेतृत्वमा देव गुरुङ र दीनानाथ शर्मा रहेको तीन सदस्यीय वार्ता टोलीको गठन गरिएको पनि जनाइएको छ।

वक्तव्यमा बैठकले शान्तिपूर्ण जनसभाहरुका लागि १३ सदस्यीय केन्द्रीय वक्ता टोली समेत बनाएको छ।

उक्त प्रेस वक्तव्यको पूर्ण पाठ-

हालै नेपाली सर्वहारा वर्गको गौरवशाली राजनैतिक प्रतिनिधि ने.क.पा.(माओवादी) को केन्द्रीय समितिको विशेष बैठक अध्यक्ष क.प्रचण्डको अध्यक्षतामा सफलतापूर्वक सम्पन्न भयो। बैठकका महत्वपूर्ण निर्णयहरुको सारसंक्षेप सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

१) बैठकको प्रारम्भमा पार्टीका पूर्व केन्द्रीय सदस्य तथा जनमुक्ति सेनाका डिभिजन कमाण्डर क.किमबहादुर थापा (सुनिल) लगायत जनयुद्ध र जनआन्दोलनका सम्पूर्ण शहीदहरुको सम्झना र सम्मानमा मौनधारणसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो।

२) बैठकमा देशको नयाँ राजनैतिक परिस्थिति र पार्टीको नयाँ योजनाबारे अध्यक्ष क.प्रचण्डद्वारा लिखित प्रस्ताव प्रस्तुत गरियो। गंभीर बहसपश्चात् केन्द्रीय समितिको एकमतद्वारा पारित प्रस्तावको सार निम्नानुसार रहेको छ।

क) प्रस्तावले केन्द्रीय समितिको गत ऐतिहासिक चुनवाङ बैठकका राजनैतिक र फौजी निर्णयहरु मूलत: सफलतापूर्वक कार्यान्वयन गरिएको निष्कर्ष निकालेको छ। उक्त बैठकका राजनैतिक निर्णयअनुसार सात संसदवादी राजनैतिक दलहरुसँग १२-बुँदे समझदारी कायम हुन सकेको र त्यही समझदारीका आधारमा ०६२/०६३ को ऐतिहासिक जनआन्दोलन अगाडि आएको कुरा प्रस्तावमा स्पष्ट गरिएको छ।

ख) सडकमा प्रदर्शित जनताको अभूतपूर्व पहल, त्याग, शौर्य र बलिदान, राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनामा केन्द्रित भइसकेको पृष्ठभूमिमा ‘संसद’ को पुनर्स्थापनाले जनआंकाक्षालाई प्रतिनिधित्व गर्न नसकेको बरु त्यसले सामन्ती दरवारिया तथा वैदेशिक प्रतिकृयावादीहरुका लागि षडयन्त्रको ठाउँ दिने गंभीर खतरा रहेको कुराप्रति प्रस्तावले सतर्क गराएको छ। जनताको ऐतिहासिक पहलबाट निश्चित भइसकेको आफ्नो सर्वनासबाट बच्न सामन्ती तत्वहरु केहीपछि मात्र हटेका छन्। यो स्थितिमा

*बाँकी ४ पेजमा*

## बेशीशहरमा बृहत् आमसभा

*संगिता खड्का*

लम्जुङ्ग/ वरिपरि हरिया डाँडाहरु, डाँडाहरुको फेंदीमा विशाल जनसभा। केही वर्षदेखि तारबारले घेरिएर शाही सेनाको आतंकबाट प्रताडित लम्जुङ्ग जिल्लाको सदरमुकाम बेशीशहरले युद्धविराम पश्चात् केही उन्मुक्ति पाएको आभास गरेको छ। युद्धविराम लगत्तै ने.क.पा. (माओवादी) लमजुङ्ग+मनाङ्ग जिल्ला समितिको आयोजनामा यही २७ गते सम्पन्न भएको जनसभामा ३० हजारभन्दा बढी जनसमुदायको उपस्थिति भएको थियो।

मध्य घामका बावजुद पनि घण्टौ घण्टा लगाएर आमसभामा पिठ्युमा बच्चा महिला हुन् वा ७/८ वर्षका बच्चा हुन् अथवा युवा, वृद्ध, वृद्धा हुन् सबैको उपस्थिति थियो। पोखरा आसपासका जिल्लाहरुमध्येका कभर भूगोलमा फिंजिएका साना सदरमुकाम मानिने अन्य अतिथिहरुले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

जिल्ला सल्लाहकार सदस्य क. विजयको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रमलाई रोचक बनाउन लिपे जन-सांस्कृतिक परिवारले आफ्नो गीत तथा नृत्य प्रस्तुत गरेको थियो।

त्यसैगरी म्याग्दी जिल्लामा पनि सोही दिन बृहत् सभा सम्पन्न भएको छ। यता तनहुँ जिल्लाको सदरमुकाम दमौलीमा जेष्ठ १ गते विशाल जनसभा सम्पन्न भएको छ।

## बुटवल र पोखरामा जनसभा हुने

बुटवल/नेकपा(माओवादी)ले निसर्त संविधानसभाको निर्वाचन गराई लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने उद्देश्यले दबाबमूलक संघर्षको कार्यक्रम अनुरुप यसै हप्तादेखि देशका मुख्य शहरहरुमा विशाल जनसभा र प्रर्दशन गर्ने भएको छ। यसै क्रममा लुम्बिनी अञ्चलको सदरमुकाम बुटवलमा जेठ १० गते र गण्डकी अञ्चल सदरमुकाम पोखरामा जेठ १५ गते जनसभा र जनप्रर्दशन हुने भएको छ।

बुटवलको शिद्धेश्वर मा.वि. दीपनगरमा हुने सभामा केन्द्रीय वक्ताहरु मातृका यादव, नेत्रविक्रम चन्द, पम्फा भुसाल र चन्द्र खनाल लगायतले सम्बोधन गर्नु हुनेछ। त्यसैगरी

*बाँकी ४ पेजमा*

## घेराबन्दीलाई तोड्दै विजयपश्चात जनमुक्ति सेना फर्कियो

पाल्पा/जनमुक्ति सेनाको विशाल फर्मेशन गण्डकबाट पश्चिमतिर लागेको देखेपछि धेरै गाउँले जनताले नरमाइलो माने। ‘दुश्मनको ढाडमा टेकेर टाउकोमा हान्ने’ फौजी कार्यनीतिअनुसार पश्चिम सैन्य कमाण्डको टुकडी पुस महिनाको तेश्रो साता गण्डक आएको थियो। पाल्पा, स्याङजा, रुपन्देही, अर्घाखाँची, नवलपरासीमा ठूलठूला शाही सेनाका घेराबन्दीसँग भिड्दै आधा दर्जन ठूला मोर्चाहरुमा जनमुक्ति सेनाले विजय प्राप्त गऱ्यो।

जनमुक्ति सेनासँगका सहकार्य यदि यी जिल्लाहरुका वासिन्दाहरु माओवादी पार्टीमा संगठित भए। जनमुक्ति सेनाको ठूलो फर्मेशन पहिला देख्न पाएका थिएनौं, लडाईंका क्रममा हामीले सक्ने जनसहयोग गऱ्यौं। जनताको पक्षमा जनमुक्ति सेना लडिरहँदा क्रममा हामीले सक्ने जनसहयोग गऱ्यौं। जनताको पक्षमा जनमुक्ति सेना लडिरहँदा घरमा बसिरहनु मन लागेन। यही सम्बन्धले जनमुक्ति सेना जाँदा नरमाइलो लाग्यो, पाल्पा भाङकोलटामा इन्द्रबहादुरले जनमुक्ति सेना गण्डकमा रहँदाको विश्लेषण गरे।

फौजी अभियानमा भाग लिन सेम, भेक, र विशेषबाट जनमुक्ति सेनाको टुकडी गण्डक गएको थियो। गण्डकमा नै रहेको चौथो डिभिजन पनि फौजी अभियानमा सामेल भयो।

गण्डक प्रवेश गर्दा जनमुक्ति सेनाले ठूलठूला भीडन्त गर्दै अघि बढ्नु पऱ्यो। रोल्पाको दुम्ला, दैलेखको ढुङ्गेश्वरको घेरा बन्दी छिचोलेर जुम्लाका हिमाल काट्दा जनमुक्ति सेनाले देखाएको त्याग र साहस कम छैन।

पुसको अन्तिम हप्ता स्याङ्जाको चित्रे र मनकामनामा जनमुक्ति सेनाले शाही सेनाको चौतर्फी घेरा बन्दीलाई नकाम बनायो। वीरता, वलिदान र साहसको धरोहर कायम गरेको त्यो लडाई आमसंचार माध्यममा पुऱ्याउन नसक्दा शाही सत्ताले काफी भ्रम परेको विश्लेषण जनमुक्ति सेनाको रहेको छ।

गण्डक प्रवेश गर्दा जनमुक्ति सेनाले ठूलठूला पाँच घेराबन्दी पार गऱ्यो। पहिलो घेराबन्दी चित्रे र मनकामना थियो। यो घेरा बन्दीलाई तोडेर जनमुक्ति सेनाका टुकडी केन्द्रित कारवाहीमा जुट्न लाग्दा फेरि अर्को घेराबन्दी शुरु भयो। यो घेराबन्दी पाल्पाको

*बाँकी ४ पेजमा*

## विश्वस्त बनौं १९६८ को घटना दोहोरिने छैन

**टिप्पणी** | **डा. ऋषिराज बराल**

एक दिन चक्काजाम हुँदा, एक दिन राजमार्ग अवरुद्ध हुँदा आत्तिने र अत्तालिने काठमाण्डौवासीहरु यसपल्ट निरन्तर उन्नाईस दिनसम्म उठे, जुधे र लडे, वलिदानका लागि तयार भए, प्राणोत्सर्ग गरे। सङ्घर्षलाई निरन्तरता मात्र दिएनन् यसलाई उच्चतातर्फ पनि प्रवृत्त गराए। उपत्यका मात्र होइन मोफसल उठ्यो, जुट्यो, सिङ्गो नेपाल जऱ्याकजुरुक भयो। युवा जगत अनि महिलाहरुको भूमिका ऐतिहासिक र उदाहरणीय बन्यो। कहाँबाट प्राप्त भयो यत्रो ऊर्जा ? कुन जादुमय यथार्थले वलिदानका लागि जनतालाई यसरी उत्प्रेरित गऱ्यो ? के यो आवेग र भावुकताको उपज मात्र थियो त ? अहँ यसरी यो आन्दोलनको विश्लेषण र मूल्याङ्कन गर्न मिल्दैन ?

थुप्रै कारणहरु छन्। सामन्ती निरङ्कुशतन्त्रप्रतिको घृणा, आक्रोश, छटपटी र प्रतिरोध एउटा कारण थियो। गतिहीनता जडता र यथास्थितिवादी गोलचक्कर विरुद्ध परिवर्तन र नवीनताको चाहना अर्को कारण थियो। क्रान्ति र शान्तिको चाहना अर्को कारण थियो। र, अर्को महत्वपूर्ण कारण नेपाल कम्युनिष्ट पार्टी(माओवादी) सित सात दलको १२-बुँदे सहमति र यसले देखाएको सैद्धान्तिक तथा व्यावहारिक प्रतिवद्धता थियो। परन्तु वर्तमान लोकतान्त्रिक गणतन्त्रको आन्दोलनमा माओवादी पार्टीको भूमिकालाई न्यूनीकरण गर्दै, जनयुद्धको भूमिकालाई न्यूनीकरण गर्ने र आन्दोलनबाट फलको श्रेय लिन हतारिने जुन प्रवृति अहिले व्यवहारमा देखा पर्दैछ, वास्तवमा यो निकै घातक र अपराधपूर्ण पनि छ। आन्दोलनको उचाइको असरबाट त्रसित भएर मध्यरातमा भएका षड्यन्त्र र धोकापूर्ण निर्णयहरुलाई सतही टिप्पणी र बहस होइन गम्भीर छलफलको विषय बनाउनु आवश्यक छ। मेरो विचारमा यसपल्टको जनउभारले केही मात्रामा सन् १९६८को फ्रान्सको युवा आन्दोलनको सम्झना गराउँछ।

एकातिर चिनियाँ महान् सर्वहारा क्रान्तिको विश्वव्यापी प्रभाव विस्तारित हुँदो थियो, अर्कोतिर भियतनामी युद्धमा अमेरिकी पराजयको ताजा घटना विद्यमान थियो। त्यसै परिवेशमा फ्रान्समा पहिले शैक्षिक क्षेत्रवाट उठेको आन्दोलनले राजनीतिक क्षेत्र लगायत बौद्धिक, साँस्कृतिक र मजदुरहरुको बृहत् क्षेत्रलाई समेत उद्वेलित पाऱ्यो। विशाल जनउभार सिर्जना भयो। एउटा चयन, छनौट सवैका सामु प्रस्तुत भयो। एउटा नारा उभियो सबैका सामु। कतापट्टि, घोषणा गर्नुहोस- कतापट्टि। वास्तवमा एउटा ध्रुवमा आफूलाई उभ्याउनु अनिवार्य बनेको थियो। परन्तु विडम्बनाको विषय के रह्यो भने त्यो विशाल जागरण, जनप्रदर्शन, युवा विद्रोह, जनउभार जसले सत्ता विद्रोह गर्न, जनविद्रोह गर्न त्यहाँको कम्युनिष्ट पार्टीलाई आह्वान र अनुरोध गऱ्यो। त्यसले यसप्रति खासै चासो देखाएन। त्यसलाई नेतृत्व दिएर सत्ता विद्रोहमा टुङ्ग्याउने कुरा त परै जाओस् उल्टै आन्दोलनमा स्टालिनको प्रभाव रहेको, आन्दोलन हिंसात्मक हुन लागेको भन्दै त्यहाँको कम्युनिष्ट पार्टी र संशोधनवादी नेताहरुले आन्दोलनलाई बदनाम गर्ने, विखण्डन र शिथिल स्थितिमा पुऱ्याउने काम गरे। यस किसिमको स्थितिले खास गरेर विद्रोहको झण्डालाई अग्रपङ्तिमा उचालेको युवा पङ्क्तिलाई निराशा, पलायनता र वितृष्णाको स्थितिमा पुऱ्यायो। यो घट्नाले समस्त युरोपमा कम्युनिष्टहरु, नेताहरु विद्रोहको झण्डा उचाल्न, नेतृत्व गर्न सक्षम छैनन्, पुँजीवादीहरुका दास भइसकेका छन् भन्ने गलत सन्देश पनि गयो। मार्क्सवाद र साम्यवादप्रति वितृष्णा आउने कम्युनिष्ट आन्दोलन र पार्टीप्रति अनास्था जगाउने काम पनि भयो। यसले युरोपमा आत्मिक र भौतिक रुपबाट पलायनताको एउटा डरलाग्दो स्थिति देखापऱ्यो। भ्रष्ट सँस्कृति, हिप्पीवादको साँस्कृतिक विकृतिका साथै यस घटनाले उपभोक्तावादी प्रवृतिको विकास हुन समेत परिवेश दियो।

यो इतिहास हो। यो घटना हाम्रा लागि पनि शिक्षा हुनसक्छ। महान् प्रतिवद्धता र थुप्रै आकाङ्क्षाका साथ युवा जमात तथा सिङ्गो

*बाँकी ३ पेजमा*

**प्रधान सम्पादक–** महेश्वर दाहाल
**सम्पादक मण्डल–** गोविन्द आचार्य
ओम शर्मा
हिरामणी दुःखी
*Email-janadesh1@yahoo.com*
*Website - krishnasenonline.org/janadesh*

क्रान्तिकारी आवाज
# जनादेश
साप्ताहिक

वर्ष-१५ अंक-२५ २०६३ जेठ २ गते, मंगलवार

## सम्पादकीय

# सरकारको सकारात्मक कदम

जनआन्दोलन दमन गर्नेहरुमाथि कार्वाहीको सुरुवात गरेर वर्तमान सरकारले सकारात्मक दिशा समातेको छ। जनआन्दोलन दबाउने योजना बनाउन सहयोगी भूमिका खेल्ने मंत्रीहरु, आन्दोलन दबाउन कमाण्डरको भूमिका खेल्ने तीन जना शाही सुरक्षाकर्मीका प्रमुखलाई कार्वाही गरिएको छ। जनआन्दोलनलाई सिध्याउनका निम्ति प्रमुख योजनाकार राजा र त्यसलाई लागू गराउने शाही सेना प्रमुखको भने अझै सेखी झार्न सकिएको छैन। जसका कारण यो आन्दोलनको उपलब्धिको रक्षा र निर्धक्क अगाडि जान ढोका खुलिसकेको छैन।

माओवादीको हाउगुजी देखाएर, आशंका अझै रहेको भन्दै विदेशी शक्ति केन्द्र अहिले पनि दरबार र शाही सेनाको बर्चस्व यथावत राखिरहन चाहन्छ। माओवादी र सात दलबीच फूट पार्ने भगिरथ कोसिस गरिरहेको छ। आन्दोलनकारी यी दुई शक्तिबीच जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्न र अगाडि जानका निम्ति एकाकार भएर जान जरुरी छ। अहिले झिनामसिना स्वार्थमा अल्मलिनु हुन्न। दलगत, व्यक्तिगत स्वार्थमा अल्झिने काम भयो भने जनता र देशको बृहत् हित छायाँमा पर्नेछ।

माओवादी र सरकारबीच शिखर वार्ताका लागि वातावरण सहज बनाउन माओवादीका तर्फबाट क. कृष्णबहादुर महराको नेतृत्वमा वार्ता टोली गठन भएको छ। सरकारले पनि अब छिट्टै त्यस किसिमको टोली बनाउला। ती वार्ता टोलीहरुबीचको वार्ता विगतका भन्दा फरक ढंगको हुने निश्चित छ। दुवै वार्ता-टोली पक्ष र विपक्षको बेञ्चमा बसेर होइन विपक्षी बेञ्चमा बसेर प्रतिगामीद्वारा अझै खोस्न नसकिएका जनताका अधिकार खोस्नु पर्छ। जनआन्दोलनले दिएको म्याण्डेटलाई संस्थागत गर्दै अझ अगाडि बढ्न मुख्यतः जनतालाई सार्वभौम बनाउनका लागि तीव्र गतिमा काम अगाडि बढाउनु पर्छ। काममा जति ढिलाइ भयो प्रतिगामीले जनआन्दोलनकारी शक्तिलाई मिचेर पछाडि फर्कने यात्रालाई तीव्रता दिनेछ। विगतको कटु अनुभवबाट नसिक्ने हो भने देश अझ वर्वाद हुनेछ। फेरि भीषण रक्तपातपूर्ण युद्धमा देश फस्ने छ। यद्यपि त्यसपछिको लडाइँबाट जनशक्तिले विजय प्राप्त गर्ने निश्चित छ तर त्यो विजयमा पुग्दासम्म असाध्यै ठूलो मानवीय क्षतिको आँकडा थपिनेछ।

जनताको शान्तिपूर्ण ढंगले अग्रगामी राजनीतिक निकासका निम्ति वर्तमान सरकारले प्रतिगामी तगाराहरुलाई पञ्छाउने साहस गरोस्! उनीहरुको यो अभियानलाई माओवादी, आम नेपाली जनताले सहयोग गर्नेछन्। आफ्नो निहित स्वार्थको निम्ति युद्ध भड्काइरहने विदेशी शक्ति केन्द्रहरुलाई निरुत्साहित गर्न जरुरी छ।

लामो समयदेखि भीषण लडाईंका कारण माओवादी र सात दलबीचको आशंका केही महिनाको सहकार्यले मेटिने कुरै होइन। माओवादीसँग थोरै आशंका हुनुले प्रतिगामी शक्तिसँग हात बढाउने सुझावलाई मान्दा देश र जनतामाथि गंभीर धोका हुन्छ। शान्तिपूर्ण ढंगले अग्रगामी राजनीतिक निकास निकाल्ने माओवादीको चाहनालाई अब पनि कसैले शंका गर्छ भने त्यो युद्ध लडेर फाइदा लिने तत्व हो। विरालालाई ढोका थुनेर कुट्न थाल्दाको प्रतिरोधको परिणाम डरलाग्दो हुनसक्छ। विदेशी शक्तिकेन्द्रको दवावमा सरकारले माओवादीलाई आत्मसर्पण गराउन खोज्छ भने त उसको लागि फेरि युद्ध लड्नु बाध्यता हुनेछ। माओवादीलाई सहयात्री ठानेर प्रतिगामी शक्तिका विरुद्ध सरकारले लड्यो भने यी दुई पक्षबीच एकता अझ सुदृढ हुनेछ। जनआन्दोलनको म्याण्डेट पनि त यही हो।

### आफ्नै सूचना

**० जनादेशका प्रतिनिधि तथा संवाददाताले प्रेस सामाग्रीहरु पठाउँदा आइतवारभन्दा ढिलो नगर्नुहोला।**

**० जनादेशको लागि लेख–रचना पठाउँदा सकेसम्म एक हजार शब्द (रुलिङ पेपरको पाँच पेज) नबढाइ लेख्नुहुन अनुरोध गरिन्छ।**

**० सामाग्रीहरु टाइप गरेर इमेलमार्फत् पठाउँदा *कान्तिपुर फन्ट* प्रयोग गर्नुहोला।**



**समय–सन्दर्भ**

# आन्दोलनको मर्म र संसदीय गतिविधिले उठाएका आशंकाहरु

**○ ईश्वरचन्द्र ज्ञवाली**

जुन आन्दोलनमा दशहजारभन्दा बढी नागरिकहरु घाइते र अपाङग भए, हजारौं जनताको रगत सडकमा पोखियो र हजारौंका शरीर रगतपच्छे भए, दुई दर्जनभन्दा बढीको मृत्यु भयो र सयौं अझै बेपत्ता छन्। कैयौं घाइते अझै अस्पतालका शैयामा जीवन-मरणको दोसाँधमा पीडा भोग्दैछन्। लाखौं-लाखले 'परे जीवन नै उत्सर्ग गर्ने' भन्दै आफ्नो साहस बन्दुकविरुद्ध प्रयोग गरे र निरंकुशता तथा तानाशाहीविरुद्ध संघर्ष गरे। आन्दोलनको यो वातावरण र चेतनाको विकासको पृष्ठभूमि र जग, उर्जा र आधार भने १५ हजार जनयुद्धका महान् सहिदहरुको कुर्वानी थियो। तर त्यही त्याग, वलिदान, निष्ठा र उत्सर्गको अपमान गर्न, सहिदका ती साहस, शौर्य र वीरतामाथि हिलो छ्याप्न, आन्दोलनका बेला कोठामा लुकेर स्वास्नीका काखमा रुँदै बस्ने रुञ्चे कायरहरु अहिले 'सबै उपलब्धि शान्तिपूर्ण परिवर्तनले भएको' भन्दै 'जनयुद्धमा मर्ने १५ हजार मान्छेको रगत व्यर्थमा खेरा गयो' भनेर पागलप्रलाप गर्न थालेका छन्। उनीहरु वर्तमान आन्दोलनको ज्वारभाटा निर्माणको जग बनेको त्यो वलिदान र सहिदहरुको महान् उत्सर्गको अपमान गर्दैछन्। त्यो साहस, शौर्य र वीरताको त्यागमाथि घृणा पोख्दैछन्। इतिहास वीरहरुको रगतले निर्माण गर्छ भन्ने सत्यलाई अस्वीकार गरिरहेछन्। आन्दोलनको प्रत्येक आवाज निकाल्न ठूलो संघर्ष गर्नुपर्छ। एउटा इन्कलावी मुठ्ठीमा तागत भर्न पनि ठूलो संघर्ष गर्नु पर्छ। मान्छे बदल्न मात्र होइन बाँच्न, गतिशील बन्न र अघि बढ्न युद्ध लड्न जरुरी हुन्छ। युद्ध त जीवनको अनिवार्य नियम नै हो। प्रत्येक सजीव चिजमा संघर्ष हुन्छ।

संसार अन्तरविरोधहरु र द्वन्द्वको पुञ्ज हो। सबैमा, सधैं र सबै ठाउँमा अन्तरविरोध छ र द्वन्द्व छ। कसैले भनेका छन्-प्रत्येक व्यक्ति सधैं युद्ध गर्छ र युद्धमा रहन्छ। राजनीति पनि युद्ध हो र युद्ध पनि राजनीति हो। सारा जीवन जगत् द्वन्द्वबाट परिचालित र जीवित छ। यही विज्ञान हो। जो शान्तिका कुटिल राग अलाप्छन् तिनीहरु झन् खतरनाक रक्त पिपासु, हिंस्रक युद्धवादी हुन्छन्। क्रान्तिकारीहरु त सोझै युद्धको घोषणा गरेर लड्छन् तर उनीहरु युद्धको घोषणा नै नगरी कहिले खुला र कहिले पर्दाभित्र लुकेर अपराधपूर्ण अन्याययुद्ध गर्छन्। बाहिर शान्तिका नाम जप्नु र भित्रभित्रै मान्छेहरुको रगत पिउनु उनीहरुको चरित्र हो। यसै सन्दर्भमा माओको यो भनाइ सार्थक हुन्छ-सत्ता बन्दुकको नालबाट जन्मन्छ। वीरेन्द्रको वंशनाश नगरेको भए ज्ञानेन्द्रको सत्ता जन्मिने थिएन। दासहरुको रगत नपिएको भए सामन्तवाद जन्मिने थिएन। पुनर्जागरण कालमा सामन्तहरुका टाउका नकाटिएका भए फ्रान्सेली लोकतान्त्रिक सत्ता जन्मिदैनथ्यो। हाम्रै इतिहासमा पृथ्वीनारायण शाहले युद्ध नगरेको भए र रगत नबगाएको भए निरंकुश राजतन्त्रको सत्ता जन्मिदैनथ्यो आदि-आदि। यस्ता हजारौं उदाहरण छन्-बन्दुकले मात्र सत्ता जन्मेका। दुनियाँका सबै इतिहास युद्धबाट निर्माण भएका छन्। मान्छे गान्धीले भारतमा शान्तिपूर्ण परिवर्तन गरेका कुरा गर्छन् तर गान्धीको सत्ता विना रक्तपात, विना वलिदान, विना संघर्ष, विना युद्ध जन्मिएको होइन। हजारौंको त्याग, वलिदान, संघर्ष र युद्धको परिणाम गान्धीको सत्ता जन्मेको हो। भगतसिंह, सुभाषचन्द्र बोस जस्ता हजारौंको वलिदान, बन्दुकद्वारा सयौं चौकी कब्जा, जलियाँवाला बागका जस्ता कैयौं रक्तपातपूर्ण संघर्ष नभएको भए भारतको मुक्ति सम्भव थिएन। यो तथ्यलाई लुकाउन खोज्नु इतिहासविरुद्ध हुन्छ। जेहोस् माथिको मेरो चर्चाको अर्थ हो-हरेक सत्ताका पछाडि रक्तपात लुकेको हुन्छ।

नेपालको हालैको परिवर्तन पनि एक दशकको त्यो भीषण वलिदान, शौर्य, साहस, त्याग र निष्ठाका रक्तिम पृष्ठभूमिको जमिनबाट खडा भएको हो। त्यसै वलिदानको जगमा नै अहिले लोकतान्त्रिक सत्ताको मञ्जिल खडा हुन थालेको छ। यो आन्दोलन एकाएक उठेको होइन। १५ हजारभन्दा बढी सहिदको त्यागपूर्ण वलिदानले जनताका मस्तिष्कमा पैदा गरेको गणतन्त्रको चेतनाले उठेको हो। जनयुद्धले उठाएको संविधानसभाको माग, लोकतन्त्र र गणतन्त्रको नारा नै आन्दोलनको मुख्य नारा किन बन्न पुग्यो? किन हिजो संविधानसभाको नाम समेत सुन्न नचाहने मान्छेहरु नै अहिले सबैभन्दा चर्को स्वरमा तीन हात उफ्रेर त्यसको जप लाउन थालेका छन्? यो सबैको पछाडि दश वर्षको रक्तपातपूर्ण जनयुद्धको देन छ। १५ हजार तिनै वीर अमर सहिदहरुको देन छ। राजतन्त्रका विरुद्ध हिंजो 'र'सम्म उच्चारण गर्न नसक्नेहरु अहिले 'राजतन्त्र-मुर्दावाद!' र 'राजतन्त्रको अन्त्य'को नारा जप्न सक्ने साहस पैदा हुनुका पछाडि पनि त्यो वलिदानी संघर्षको योगदान छैन भन्ने आधार कसैसँग छैन। जनयुद्धले उर्जा नदिएको भए, उथल-पुथल नल्याएको भए, क्रान्तिको ज्वार उठाउँदै आधारको निर्माण नगरेको भए अहिलेको उपलब्धि सम्भव थिएन। अहिले फेरि गणतन्त्रको नाम लिन नसक्नेहरु साम्राज्यवादको बुइ चढेर 'सेरेमोनियल किङ'को जप गर्न शुरु गरेका छन्। तर १५ हजार तिनै सहिदको रगतले 'गणतन्त्र निर्विकल्प' भन्न उनलाई पनि विवश पार्नेछ किनकि अब लोकतन्त्र मात्र अधुरो, अपुरो, अपर्याप्त र जरैबाट समस्या समाधान गर्न नसक्ने साबित भइसकेको छ। यदि देशको विद्यमान राजनैतिक समस्या समाधान गर्ने नै हो भने र 'शान्ति' स्थापना गर्ने नै हो भने गणतन्त्र अब अनिवार्य शर्त भइसकेको छ। लोकतान्त्रिक गणतन्त्रले मात्र माओवादीका मागलाई, देशका आवश्यकतालाई, जनताका विद्यमान समस्यालाई सम्बोधन गर्न सक्छ वा निकास दिन सक्छ। यही नै अहिले जनताले निकालेको निष्कर्ष हो, आन्दोलनले दिएको निष्कर्ष हो। माओवादी वर्गयुद्धलाई ठीकसँग, पूर्ण रुपमा समाधान गरेर नै शान्ति हुन सक्छ। 'खोला तर्यो लौरो बिर्स्यो'को शैलीले १५ हजार जनयुद्धका महान् सहिदहरुको देनलाई उपेक्षा गर्दै वर्तमान समस्याको निकास निस्कन सक्दैन।

नेपालमा चलेको वर्गयुद्ध शान्त नभई शान्ति सम्भव छ? माओवादीले उठाएका ४० सूत्रीय मागको पूर्ति र गणतन्त्रको स्थापनालाई सुनिश्चित नगर्ने हो भने जनताले न शान्ति न लोकतन्त्रको सही उपयोग गर्न पाउनेछन्। अबको राजनीति माओवादीलाई पाखा लगाएर वा उपेक्षा गरेर अघि बढ्न सक्दैन। केही मान्छेहरु अहिले अमेरिकी साम्राज्यवादको रहस्यपूर्ण निर्देशनलाई शिरोपर गर्दै 'सेरेमानियल किंग'का कुरा गर्न थालिसकेका छन् र फेरि फ्रान्समा लुई अठाह्रौंलाई झैं नेपालमा पनि राजतन्त्रलाई पुनर्स्थापना गर्ने षड्यन्त्र बुन्न शुरु गरेका छन्। यस शैलीले अब राजतन्त्रका अधिकार पुनर्स्थापित हुन्नन् भन्ने सुनिश्चितता कसले दिने? फेरि राजाले पछाडिबाट शासन नगर्ने कुरालाई कसले ग्यारेण्टी गर्ने? जब अमेरिकी साम्राज्यवाद सेरेमोनियल किंगका नाममा राजतन्त्रका अधिकार पुनर्स्थापना गराउने षड्यन्त्रमा लागिसकेको छ भने र दलहरुले पनि त्यही आदेशलाई भट्याउन शुरु गर्न लाग्छन् भने त्यो नेपाल र नेपालीको दुर्भाग्य नै हो। 'जनआन्दोलनको भावना र मर्म गणतन्त्रको स्थापना हो' यो लक्ष्यलाई तुहाउन दलका नेताहरुले दश दिन पनि बित्न नपाउँदै र आन्दोलनको रगत सडकमा सुक्न पनि नपाउँदै भाका फेर्न थाल्नु कृतघ्नता नै हो। राजाका केही अधिकार, सेनाको सर्वोच्च पद तथा सामान्य भत्ता कटौती गरेर मात्र, राजपरिवारको मर्यादाक्रमका केही संख्या घटाएर मात्र, दरवारमा सपथ नलिएर मात्र, राजपरिषद विघटन गरेर मात्र, एक-दुई विधेयक खारेज गरेर मात्र, कागजमा नेपाल सरकार लेखेर मात्र, सेनालाई कागजमा नै संसदका अधीन पारेर मात्र, राष्ट्रिय गान फेरेर मात्र, सार्वभौम सत्ता जनतामा भनेर मात्र, राजतन्त्रको सत्ता समाप्त हुन सक्दैन। बाहिर नदेखिए पनि भित्रभित्र दरबार सक्रिय नै छ, पुनर्स्थापित हुन खोजिरहन्छ। उसले सत्तामा हस्तक्षेप गरिरहन्छ। उसले लोकतन्त्र लागु हुन दिंदैन र फेरि लोकतन्त्र असफलतामा परिवर्तन हुन पुग्छ र फेरि निरंकुशतन्त्र जारी हुन्छ। संसद कमजोर, निर्णय गर्न नसक्ने, निकम्मा, निष्फल बन्न पुग्नेछ। उसले कुनै पनि बहानामा राजतन्त्रको अस्तित्व जीवित राख्न खोज्ने वा सेरेमोनियल भनेर जोगाइरहन खोज्ने नियत राजतन्त्रवादी नियत हो र लोकतन्त्र विरोधी प्रतिगामी विचार हो। त्यो जनभावना विरोधी मात्र हैन जनआन्दोलनको मर्म र भावना विरोधी पनि हो। त्यसको सार प्रतिगामी नै हो। राजतन्त्रवादी नै हो। अहिले त गणतन्त्रलाई स्वीकार गर्नु मात्र अग्रगामी सोंच हो।

फेरि उता साम्राज्यवाद दलहरुको काँधमा बन्दुक राखेर माओवादीलाई समाप्त पार्ने योजनामा लागेको छ। ऊ नेपालमा आफ्नो कठपुतली सत्ता र सरकार स्थापित गरेर आर्थिक र राजनैतिक उपनिवेश कायम गर्ने षड्यन्त्रमा लागिसकेको छ। यस परिवेशमा जनयुद्धका १५ हजार सहिदहरुको रगतलाई व्यर्थ भन्दै, उनको रगत खेर गएको भन्दै जनआन्दोलनको उपलब्धि-शान्तिपूर्ण आन्दोलनको मात्र उपलब्धि दाबी गर्दै जुन श्रेय जति आफ्नो पार्ने प्रयास भइरहेका छन् त्यसले क्रान्तिकारीहरुलाई दुःखित तल्याउनु स्वाभाविक हो। यसले माओवादीलाई पाखा लगाउने षड्यन्त्रलाई राम्रैसँग उजागर गर्दछ। यस्तो निष्कर्ष निकाल्ने तत्वहरु वस्तुतः सीआइएबाट सञ्चालित हुनेमा कुनै शंका देखिंदैन, जसले नेपालमा शान्ति र लोकतन्त्रको भविष्य फले-फुलेको देख्न चाहन्नन्। यस्ता तत्वहरुलाई पर्दा पछाडिबाट दरबारले नै सञ्चालित गरिरहेको हुनसक्छ। कुनै पनि लोकतान्त्रिक परिवर्तनका अनुयायीले १५ हजार महान् सहिदको रगत र वलिदान जसले लोकतान्त्रिक गणतन्त्र स्थापनाको संघर्षलाई यहाँसम्म ल्याइपुर्‍याउन सर्वाधिक योगदान दिए तिनैमाथि निन्दा, अपमान, घृणा र विषवमन गर्न कदापि सक्दैन। प्रतिगामी मण्डलेहरु र सीआइएका एजेण्टबाहेक सहिदका आदर्शमाथि हिलो छ्याप्ने अरु को हुन सक्छ र? जसको रगतले भिजेर लोकतान्त्रिक गणतन्त्रको चेतना, जागरण र लक्ष्य जनमनमा पैदा भयो, जसका वलिदानले जनताको मष्तिष्क अग्रगमनका लागि ब्युँझियो तिनै वीरहरुको साहस वीरता र शौर्यको गाथामाथि अपमान गर्ने कोसिस कसैले गर्छ भने त्यो प्रतिगामी मात्रै हुनसक्छ। त्यो पर्दापछाडि लुकेर लोकतन्त्रको घाँटी निमोठ्न सक्रिय दरवारिया तत्व नै हुनसक्छ। २१ जनालाई चाहिं सहिद मान्ने तर १५हजारलाई चाहिं सहिद नमान्नेहरुको नियत योभन्दा फरक हुनै सक्दैन। जसका वलिदानको पृष्ठभूमि र आधारमा टेकेर, जसका रगतको मूल्यमा टेकेर लोकतन्त्र जन्मिदैछ तिनैमाथि अपमानको हिलो छ्याप्ने मण्डलेहरुलाई जनताले माफ गर्ने छैनन्। १५ हजार वीर सहिदहरुको दश वर्षको त्यागले नै २५० वर्षको निरंकुश सामन्ती राजतन्त्रको जग हल्लिएको हो, लोकतान्त्रिक गणतन्त्रको जग बसेको हो जनताले बुझेका छन्। त्यो वलिदानलाई व्यर्थ भन्ने मण्डलेहरुलाई जनताले कदापि माफ गर्ने छैनन्। यो कुरा तिनले राम्ररी बुझ्नु पर्छ भन्ने लाग्छ। विगत दशवर्ष केही होइनन्, आन्दोलनका २० दिन सबैथोक हुन् भन्ने प्रवृत्ति लोकतान्त्रिक प्रवृत्ति हुँदै होइन। के लामो समयसम्म ताप नदिइकन पानी एकाएक उम्लिन्छ? पानी उम्लिनका लागि तापको पृष्ठभूमिलाई अस्वीकार गर्नु अवैज्ञानिक सामन्ती जड चेतना होइन? कुनै पनि क्रियाले एउटा गुणात्मक फड्को हान्न त्यसका पछाडिका प्रक्रियाहरुका श्रृङ्खलाहरुको नै महत्वपूर्ण भूमिका हुन्छ भन्ने बिर्सनु रुढिवादी सामन्ती मूर्खता बाहेक केही होइन। जगका रुपमा निर्मित ती प्रक्रियालाई केही होइन भन्दै गुणात्मक फड्को मात्रै सबथोक हो भन्ने चेतना पुरानो विज्ञान, सत्य र तथ्य विरोधी चेतना हो।

नेपाली राजनीतिमा माथि भनिएको कुटिल तर्कका पछाडि तीन खाले चरित्रहरुको हात छ। एकातिर साम्राज्यवाद १५ हजार जनयुद्धका सहिदहरुको वलिदानलाई न्यूनीकरण तथा अवमूल्यवन गर्दै माओवादी विद्राहीलाई सत्तामा जान नदिन न्वारनदेखिको बल लगाइरहेको छ। नेपाल र नेपालीको हित र सुनौलो भविष्यका विरुद्ध आफ्नो स्वार्थ पूरा गर्न कठपुतली सत्ता चलाउने गुरुतर षड्यन्त्र गरिरहेको छ। अर्कातिर मृत्युशैयामा छटपटाइरहेको सामन्तवादलाई जीवनजल खुवाएर उसको अस्तित्व, अधिकार र स्थान सुरक्षित पार्न षड्यन्त्र पनि भइरहेको छ। फेरि अर्कातिर दल माओवादीवीचको सहकार्य देख्न नचाहने र देशमा अराजकता र वितण्डा मच्चाएर धमिलो पानीमा माछा मार्न जाल बुनिरहेका १२ बुँदे समझदारी विरोधी तत्वहरु पनि यस्ता कुतर्क गर्दै सलबलाइरहेका छन्। यस्तो परिवेशमा दल र माओवादीवीच फुट र विभाजन ल्याएर आन्दोलनलाई परिणाममुखी बनाउन नदिन त्यस्ता तत्वहरुले खलनायकको भूमिका खेल्नु स्वाभाविक हुन्छ तर आन्दोलनमै सामेल भएकाहरुले त्यसो गर्नु भनै स्वभाविक छैन। त्यो बढी रहस्यपूर्ण लाग्छ। आन्दोलन यो परिणामसम्म आइपुग्नुका पछाडि सशस्त्र माओवादी विद्रोही र सातदल समझदारी नै मुख्य कारकतत्व थियो भन्ने विषय अब निर्विवादित भइसकेको बेला फेरि त्यहींबाट विवाद सिर्जना गर्ने षड्यन्त्रहरु शुरु हुनु रहस्यमय नै छ। यो आन्दोलन रक्तपात पूर्ण युद्ध र सडकसंघर्षको फ्युजन हो। माओवादीले यसैलाई दीर्घकालीन जनयुद्ध र विद्रोहको फ्युजन भन्ने धारणा अघि ल्याएको थियो। जुन कुरा अहिले प्रमाणित हुँदै गइरहेको छ। यसलाई अस्वीकार गर्दै 'शान्तिपूर्ण जनआन्दोलनद्वारा परिवर्तन'को प्रलाप गर्नथाल्नु तथ्य विपरीत हुन्छ। देशको मुक्तिका लागि प्राण आहुति चढाउन केही नमान्ने जनयुद्धमा होमिएका योद्धाहरुले सडकमा लाठी र बुट, टियर ग्यास र वन्दुकको परवाह गरेनन् यसले आन्दोलनलाई उत्कर्षमा पुर्‍यायो। त्यो वलिदानी साहस जनयुद्धका दश वर्षले पैदा गरेको साहस हो। यसलाई विर्सन मिल्दैन। २१ जना वलिदानी युवा १५ हजार जनयुद्धका सहिदका प्रेरणा र ऊर्जाबाट पैदा भएका थिए भने सडकमा घन्केका गणतन्त्रका नारा १० वर्षको नयाँ जनवादी गणतन्त्रको आवाजबाट पैदा भएको थियो। हिजोको प्रजातन्त्रलाई रैतीतन्त्रका रुपमा परिभाषित गरेर पाखा लाउँदै आज लोकतन्त्रको नयाँ परिभाषा विकास भयो। त्यो नयाँ परिभाषा पनि १० वर्षले सिर्जना गरेको हो। हिंजोको ०४६ सालको प्रजातन्त्रले नेपाली समाजको आधारभूत समस्यालाई समाधान गर्न सकेन र पुरानो संविधानले पनि विद्रोहलाई समाधान गर्न सकेन। जसको परिणाम लोकतन्त्र आयो यो नयाँ परिभाषाको लोकतन्त्रले राजाका रैतीका रुपमा नेपाली जनता रहने कुरालाई अस्वीकार गरेको छ। हिंजोको संसदीय प्रजातन्त्रको चरित्रभन्दा माथि उठेर प्रगतिशीलतालाई समेट्न खोजेको छ। राजतन्त्रको समूल अन्त्यको भावनालाई प्रतिविम्बन गरेको छ। उत्पीडित जाति जनजाति, लिङ्ग, वर्ण, क्षेत्र र वर्गको शोषण अन्त्य हुनु पर्ने धारणा उठाएको छ। हिंजोको सामन्ती राज्य संरचनाको अन्त्य गरी राज्यको प्रगतिशील पुनर्संरचनाको मागलाई अङ्गीकार गरेको छ र यसले मूलतः गणतन्त्रवादी चेतनालाई आत्मसात् गर्दै अब सामन्ती राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना मात्र आन्दोलनको शर्त रहेको स्पष्ट पारेको छ। आन्दोलनको सार यही हो र हो जनताको अन्तरात्माको आवाज पनि। यो आवाज पैदा हुन १० वर्षको सशस्त्र युद्धको सर्वोपरि भुमिका रहेको स्पष्ट छ। यदि लोकतान्त्रिक गणतन्त्र निर्विकल्पका रुपमा अघि आएन भने र सामन्तवादकै पेरीफेरीको गोल-चक्करमा डुबाउने षड्यन्त्र गरियो भने युवाहरुको चेतनाले त्यो स्वीकार्ने छैन र फेरि सशस्त्र विद्रोहको बाटो पक्रिन वाध्य हुनेछ।

आन्दोलनको भाव र मर्म लोकतान्त्रिक गणतन्त्रको भाव र मर्ममा मात्रै अर्न्तनिहित छ। यतिखेर साम्राज्यवादी शक्तिहरु जनताको त्यो आकाङ्क्षा विरुद्ध सेरेमोनियल किंगको अर्को जाल बुन्नमा लागेका छन्। उनीहरु दरवारलाई आफ्नो त्यो हैसियत नछोड्न उक्साइरहेछन्। दरवार फेरि दलहरुमाथि त्यही हैसियत नदिए मुसर्रफ शैलीको 'कु'द्वारा आफ्नो हैसियत स्थापित गर्ने भित्री धम्की दिन थालिसकेको प्रतीत हुन्छ। ऊ अब दलहरुभित्रै फुट पैदा गरेर त्यो योजना पूरा गर्नेतर्फ अघि बडेको देखिन्छ। जसअनुसार शेरबहादुर देउबाहरु अघि सर्दैछन्। संसद गतिहीनता, सुस्तता, अकर्मण्यता, निर्णयको असक्षमता र फुटतर्फ हेलिदै गइरहेछ। आन्दोलनले दिएको म्यान्डेट होइन साम्राज्यवादीहरुको म्यान्डेटलाई पुरा गर्नेतर्फ लागिरहेछन् र दरवारको अस्तित्व बचाउने योजना पूरा गर्दैछन्। गणतन्त्र शब्द पनि उनीहरुका लागि अब अवैधानिक लाग्न थालिसकेको छ। सबै जनयुद्धका बन्दीहरुलाई आमरुपमा रिहाइ गरेर माओवादीसँग छिटो वार्ता गरी संविधानसभाको निर्वाचनतर्फ अघि बढ्दै मुलुकको नयाँ भविष्य निर्माण गर्नतर्फ होइन संसद किस्ताबन्दी निर्णयका नाटक गर्दै जनताका आँखामा छारो हाल्ने र झारा टार्ने काम गरिरहेको छ। जसोतसो आन्दोलनको आक्रोशलाई मत्थर पारेर विद्रोहका ज्वारहरु शिथिल पारेर साम्राज्यवाद र दरवारको मनसुवालाई नै पूरा गराउने इच्छा संसदका वर्तमान क्रियाकलापले देखाइरहेका छन् भन्नेमा कुनै शंका छैन।

यसरी आन्दोलनको मर्म र भावनालाई विर्सदै र उपेक्षा गर्दै अघि बडिन्छ भने निश्चित छ-शान्तिमा पुग्न सकिंदैन लोकतन्त्र स्थापना हुँदैन, सामन्ती युगको अन्त्य पनि हुँदैन र मुलुकको गृहयुद्धको समाधान पनि हुदैन। नेपालमा जारी विगत एक दशकको राजनैतिक संकटको समाधान र निकाश चाहेको हो भने संविधानसभाद्वारा गणतन्त्रको स्थापना मात्र एक विकल्प हो। यदि यो विकल्पको चयन संसदले गरेन भने अब सबै गणतन्त्रवादी युवाहरुले गणतन्त्रको लागि सशस्त्र विद्रोहमा उत्रनुबाहेक के कुनै विकल्प बाँकी रहन्छ त?

# कपिलवस्तुमा गणतान्त्रिक जागरण

तौलिहवा/माओवादी र सात दलसँग भएको १२ बुँदे सहमतिपछि उत्कर्षमा पुगेको गणतान्त्रिक आन्दोलन अहिले कपिलवस्तुमा पनि नयाँ र भिन्न ढंगले अगाडि बढिरहेको छ। यसै क्रममा माओवादी र नागरिक समाजले अलगअलग आयोजना गर्ने गणतान्त्रिक सचेतन कार्यक्रम जनसमुदायको उर्लंदो सहभागिता यतिबेला कपिलवस्तुकै दैनिकी भएको छ।

बैशाख २७ गते मानव अधिकार अनुगमन संजालको आयोजनामा तौलिहवामा 'संविधानसभा र समावेशी लोकतन्त्र' विषयक वृहत् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा बोल्दै कपिलवस्तु जिल्ला जनसरकार प्रमुख रामलौटन तिवारीले नेपालको प्रधान समस्या सामन्ती राजतन्त्र भएको र संविधानसभाको माध्यमबाट राजतन्त्रको समूल नष्ट गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो। मानवअधिकार संरक्षण मंचका केन्द्रीय सदस्य श्यामबहादुर पाठकले मुलुक लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको विचार व्यक्त गर्नुभयो। उहाँले यसलाई संसदवादी दलहरुले टुङगोमा पुर्‍याउने कुरामा आशंका रहेको हूँदा ने.क.पा.(माओवादी) र नागरिक समाजले नेतृत्वको पहल लिदै भाषा, धर्म, जाति, लिङ्ग, क्षेत्र र वर्गको प्रतिनिधित्व भएको संविधानसभाबाट गणतन्त्रको संस्थागत गर्नु पर्दछ भन्नुभयो।

उक्त कार्यक्रममा मासमका नेपाल रुपन्देहीका मनवीर गर्जुवा, नेपाली काग्रेसका जिल्ला सभापति सुधाखर पाण्डे, ने.क.पा. (एमाले) का उप-सचिव डम्बर शर्मा, ने.का. (प्रजातान्त्रिक) का राजु अर्याल, सदभावना (आ.) का वृजगोपाल गुप्ता, पत्रकार महासंघ कपिलवस्तुका सभापति नारायण पौडेल, गुणनीधि भुसाललगायतका वक्ताहरुले बोल्नु भएको थियो।

# चितवनमा महिलाहरुले सम्मेलन गरे

चितवन/अखिल नेपाल महिला संघ (क्रान्तिकारी) चितवनको सातौं जिल्ला सम्मेलन वैशाख १८ र १९ गते खैरहनीमा सम्पन्न भएको छ। सम्मेलनको प्रमुख अतिथि केन्द्रीय कोषाध्यक्ष गंगा अधिकारीले उद्घाटन गर्नुभएको थियो।

सम्मेलन सफलताको शुभकामना नेकपा (माओवादी) जिल्ला सेक्रेटरी अविनाश, संघकी केन्द्रीय सदस्य विमला सुवेदी, चुनु-शिल्पा साँस्कृतिक कम्पनीका कमाण्डर क.असल, अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रीय सदस्य प्रदीप शाह, अनेकिसंघ (क्रान्तिकारी) केन्द्रीय सचिवालय सदस्य भूमिश्वर कँडेल, अनेशिसंघ जिल्ला अध्यक्ष रमेश पौडेल, तामाङ राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य वीरेन्द्र तामाङ, चेपाङ राष्ट्रिय मुक्ति मोर्चाका क्षेत्रीय संयोजक भरत चेपाङ, गणतान्त्रिक मुक्ति मोर्चाका विष्णु दवाडी, नेवार राष्ट्रिय मोर्चाका सम्झना श्रेष्ठ, लोकतान्त्रिक मञ्च चितवनका संयोजक यमुनाप्रसाद न्यौपाने, अनेट्रेयू महासंघ केन्द्रीय सदस्य योगेन्द्र कुमाल, लगायतले शुभकामना दिनुभएको थियो।

सम्मेलनमा प्रमुख अतिथि गंगा अधिकारी, विशेष अतिथि क.श्याम, शोभा कट्टेल, केन्द्रीय सदस्य विमला सुवेदीलगायतले विभिन्न विषयमा प्रशिक्षण दिनुभएको थियो। सम्मेलनले सावित्री आचार्यको अध्यक्षतामा पछि तीन थप्ने गरी १५ सदस्यीय कमिटी निर्माण गरेको छ। जसमा उपाध्यक्ष संगीता भट्टराई, सचिव दिलमाया बुढाथोकी, सहसचिव पन्चमाया गोले, कोषाध्यक्ष सीता चौधरी छन्। समापन समारोहमा जिल्ला अध्यक्ष सावित्री आचार्यलगायत जिल्लाभरिका २१७ जना आमा-बुवाले छोरीलाई छोरासरह पैत्रिक सम्पत्तिमा समान अधिकार घोषणा गरेका थिए। ती आमाहरुलाई प्रमुख अतिथि गंगा अधिकारीले अविरमाला लगाएर स्वागत अभिनन्दन गर्नुभएको थियो।

# जनता भन्दैछन्– नेताहरु खबरदार !

*किशोर पन्थी/अर्घाखाँची*

संसद पुनर्स्थापनामार्फत् देशमा नयाँ सरकार बने पनि लोकतान्त्रिक गणतन्त्रको आन्दोलनमा उत्रिएका जनताहरु अझै पनि सडकमै छन् । तर आन्दोलनको रुपरंग भने केही बदलिएको छ । यतिबेला जनताले संसदमा गएका सात राजनीतिक दलका नेताहरुबाट जनतालाई धोका नहोस् भनी खबरदारी गरिरहेका छन् । जनताको माग छ 'नेताहरु कुनै पनि षड्यन्त्रमा फस्नु हुँदैन् र जनतालाई धोका दिन पनि पाइदैन ।' देशभरका खबरदारी सभाहरुमा जनताले नारा लगाइरहेका छन्-'नेताहरु खबरदार ।'

बैशाख २७ गते अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा आयोजित खबरदारी सभामा दशौं हजार जनता नेताहरुलाई खबरदारी गर्न उपस्थित भएका थिए । सभामा सहभागी हुन आएका जनताले लोकतान्त्रिक गणतन्त्र जिन्दावाद, संसद पुनर्स्थापना धोखा हो, अन्तरिम सरकार गठन गर, निसर्त संविधान सभाको घोषणा गर, नेताहरु होसियार जस्ता नाराहरु घन्काइरहेका थिए । निसर्त संविधान सभाको चुनाव घोषणाको लागि खबरदारी गर्न हजारौं जनता उपस्थित सभामा बोल्ने वक्ताहरुले पनि निसर्त संविधानसभाको चुनाव घोषणा गर्न नेताहरुलाई खबरदारी गरेका थिए । सभामा वोल्दै नेकपा (माओवादी) का गण्डक क्षेत्रीय व्युरो सदस्य क.वामदेव क्षेत्रीले राजनैतिक दलहरुद्वारा अब पनि गद्दारी भएमा उनीहरु पछि हटेर जनतालाई आन्दोलनको नेतृत्व गर्न दिनुपर्ने बताउनु भएको थियो । कार्यक्रममा कांग्रेस प्रतिनिधि विष्णु मुस्कान, एमाले प्रतिनिधि जनार्दन खनाल, नेपाल बार एशोसियसनका के.वि. भुसाल, जिल्ला जनपरिषद् अर्घाखाँचीका प्रमुख विष्णुहरि शर्मा, नेकपा (माओवादी) अर्घाखाँचीका सेक्रेटरी क.उज्ज्वल र जिल्ला सदस्य क. दिलिपले पनि अहिलेको महत्वपूर्ण समयलाई अनावश्यक रुपमा नलम्ब्याएर तुरुन्त संविधानसभाको चुनाव घोषणा गर्न सात दल समक्ष खबरदारी गरेका थिए । कार्यक्रममा अर्घा साँस्कृतिक परिवारले पनि लोकतान्त्रिक गणतन्त्रको पक्षमा जनमत सृजनाको लागि आफ्ना प्रस्तुति देखाएको थियो ।

अर्घाखाँचीको सदरमुकाम सन्धीखर्कमा मात्र हैन जिल्लाभर नै त्यस्ता खबरदारी सभाहरु भएका छन् । जसमा जनताको उत्साजनक सहभागिता रहेको छ । अर्घाखाँचीकै खनदह, बाँगी, विहार,, ढिकुरा, खिदिम, वाङ्ला, नरपानी किमडाँडाँ, बुढीचौर, पाली लगायतका स्थानहरुमा हजारौं जनताको उपस्थितिमा खबरदारी सभाहरु भएका छन् । नेकपा (माओवादी)का जिल्ला इञ्चार्ज क.कुशल, सेक्रेटरी क.उज्ज्वल, जनसरकार प्रमुख विष्णुहरि शर्मासहित जिल्ला स्तरका नेताहरु क.अम्बिका, क. ध्रुबकुमार, क. सरोज, क. विवेक लगायतले ती कार्यक्रमहरुमा संवोधन गर्नुभएको थियो । यसैबीच सन्धीखर्कमा नेपाल वार एशोशिएसनको आयोजनामा सम्पन्न 'संविधानसभा प्रकृया, चुनौती र उपलब्धि' विषयक अन्तरक्रियामा पनि नेकपा (माओवादी) का जिल्ला सदस्य क.विवेक, एमालेका जिल्ला सचिव चेतनारायण आचार्य, कांग्रेस उपसभापति विष्णु मुस्कान, कांग्रेस प्रजातान्त्रिक सभापति इन्द्रबहादुर भुसाल, जनमोर्चाका अंचल कमिटी सदस्य शेरबहादुर वि.सी. लगायतले संविधान सभाको चुनाव घोषणाका लागि खबरदारी गर्नुभएको थियो । त्यस्तै खबरदारी मंगलबार गुल्मीको तम्घासमा आयोजित 'वर्तमान परिस्थितिमा निसर्त संविधानसभाको घोषणा र हाम्रो कार्यभार' विषयक अन्तरक्रिया कार्यक्रममा पनि गरिएको थियो । नेकपा (माओवादी)द्वारा आयोजित अन्तरक्रियामा बोल्ने वक्ताहरुले निसर्त संविधानसभाको चुनाव घोषणा नभए आन्दोलन चर्किने बताउँदै दलका नेताहरुलाई खबरदारी गरेका थिए । कार्यक्रममा नेकपा (माओवादी)का गुल्मी जिल्ला इञ्चार्ज क.वामदेव क्षेत्रीले शिघ्र अन्तरिम सरकारको गठन, निसर्त संविधानसभाको चुनाव घोषणा र अन्तरिम संविधानको निर्माण तथा वर्तमान सरकार, संविधान र संसदको विघटन हुनुपर्ने बताउनु भएको थियो । कार्यक्रममा एमाले, कांग्रस, नागरिक समाजका प्रतिनिधि र पत्रकारहरुलाई समेत निसर्त संविधानसभाको चुनाव घोषणा नभएसम्म सबै जनतासरह बन्नुपर्ने आन्दोलनको नेतृत्व जनताबाटै हुनेमा जोड दिएका थिए ।

त्यस्तै खबरदारी शनिवार गुल्मीकै इश्मामा आयोजित कार्यक्रममा पनि गरिएको छ । कार्यक्रममा उपस्थित जनताहरुले नेताहरुलाई नझुक्न आग्रह गरेका छन् । कार्यक्रममा बोल्ने वक्ताहरुले गद्दारी गर्ने नेतालाई जनता वा कार्यकर्ताले नै कार्वाही गर्ने बताएका छन् । कार्यक्रमलाई नेकपा (माओवादी) गुल्मी जिल्ला इञ्चार्ज क. वामदेव क्षेत्रीले सम्वोधन गर्नु भएको थियो ।

यसरी गुल्मी र अर्घाखाँचीमा मात्र होइन देशभर आयोजित खबरदारी सभाहरुमा जनसागर उत्रिने क्रम तीब्र बनिरहेको छ । जनता अझै पनि आन्दोलनमा नै छन् ।

# माओवादीद्वारा रक्तदान

पवर्त/गणतान्त्रिक जनआन्दोलनको क्रममा घाइते भएकाहरुको उपचारको लागि सहयोग गर्ने उद्देश्यले नेकपा(माओवादी) पर्वतद्वारा दक्षिण पर्वतको देउराली गाजसमा २२ गते रक्तदान कार्यक्रमको आयोजना गरेको छ । उक्त रक्तदान कार्यक्रमको उद्घाटन माओवादी गण्डक क्षेत्रीय व्युरो एवं पर्वत जिल्ला इन्चार्ज प्रज्ज्वलनले गर्नुभएको थियो । सो अवसरमा ३९ जनाले रक्तदान गरेका थिए । संकलित रगतलाई रक्त संकलन केन्द्र पोखरा पठाइएको छ ।

रक्तदान कार्यक्रममा बोल्नुहुँदै जिल्ला सेक्रेटरी क.सरोजले गणतान्त्रिक जनआन्दोलनमा घाइते भएकाहरुको उपचारको लागि रक्तदान कार्यक्रम संचालन गरिएको वताउनुभयो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पर्वत शाखा सभापति सुन्दरप्रसाद जोशी, रक्त संकलन केन्द्र पोखराका प्राविधिक अर्जुन रिमाल र जुनियर रेडक्रस सर्कल महेन्द्रज्योति उच्च माविकी अध्यक्ष शीला उचैलगायतले पनि बोल्नु भएको थियो । माओवादी जिल्ला सल्लाहकार मोहन गिरीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको संचालन संयुक्त क्रान्तिकारी जनपरिषद पर्वतका प्रमुख वखानसिह गुरुङले गर्नुभएको थियो ।

# बन्दुकहरु काँधमै छन् तर हातहरु जनसेवामा जुटेका छन्

**० अजयदीप/दाङ**

युद्धविरामपछि सुस्ताएका बन्दुकहरु त काँधमै छन् तर हातहरु भने श्रमकार्यमा क्रियाशील भइरहेका छन् । जनताको मुक्तिका लागि युद्धमोर्चामा खट्ने जनसेना यतिबेला राजनीतिक कामकाज, पारिवारिक भेटघाट र उत्पादन कार्यमा लागिरहेको छ ।

करिब चार महिना लामो अभियान पूरा गरी गण्डकबाट फर्केका जनसेनाहरु अहिले भेटघाटको लागि घरसम्म पुगेका छन् । अभियान अवधिभरको लडाइँमा युद्धको सन्देश र राजनीतिक परिस्थितिबारे पार्टीको कुरा गाउँघरसम्म पुऱ्याउन विशेष उपहारसहित एक हप्ताको विदा दिई पार्टीले उनीहरुलाई घर पठाउने गरेको छ । अहिले घरमा पुगेका जनसेनाहरु परिवारसँग बसेर राजनीतिक छलफल गरिरहेका छन् । पहिले भेट्न जाँदाको भन्दा बेग्लै अहिले उनीहरुले घरमा बुबालाई सर्ट-पैन्ट र आमालाई लुङ्गी (धोती) लिएर गएका छन् । परिवारसँगको सम्बन्धलाई सहज र भावनात्मक बनाइराख्न केन्द्रीय आधार इलाकीय क्षेत्रले यो निर्णय गरी सेनालाई टिमबद्धरुपले घर पठाउने गरेको कुरा बताउनु हुन्छ पाँचौ डिभिजनअन्तर्गत ज्वारस्मृति ब्रिगेडकी बटालियन सह-कमाण्डर सम्झना ।

अहिले उत्पादन दलको रुपमा सेनाका ब्रिगेडहरुबाट एक/एक कम्पनीहरु कृषि उत्पादन कार्यमा लग्ने गरेका छन् । उत्पादनको लागि छुट्याइएको उक्त दलले कृषि तालिम, फलफूल खेती, नर्सरी ब्याड र तरकारी उत्पादनको काम गरिरहेको बताउनुहुन्छ- ज्वारस्मृति ब्रिगेडकै बटालियन कमाण्डर संगम । उहाँ भन्नुहुन्छ- सेनाबाट छुट्याइएको उत्पादन दलले अहिले धान खेतीको लागि ब्याड राख्न थालेको छ । यसबाहेक अन्य कम्पनी र बटालियनहरु अहिले जनताका कामकाजमा खट्ने गरेका छन् । गाउँ-गाउँमा सभा र श्रद्धाञ्जलि सभा गर्दै हिंडेका जनसेनाहरु कामबाटै जनतामा भिज्न सिपालु भएका छन् । जनताको सुख-दुःखमा सहभागी हुनुका साथै संविधानसभामा जाँदा हुनसक्ने धोका र षड्यन्त्रका बारेमा पनि उनीहरु जनतालाई सजग बनाइराखेका छन् । जनतामाथि धोकापूर्ण षड्यन्त्रको खेल कहीं कतैबाट हुन थाल्यो भने आफूहरु शहरबाटै विद्रोह उठाई युद्ध गर्ने कुरा बताउनुहुन्छ बटालियन कमाण्डर अर्जुन । त्यसैमा अर्को कमाण्डर वीरता थप्नुहुन्छ- 'ज्ञानेन्द्र अमेरिका होस् वा दलहरु, कतैबाट पनि संविधानसभाका लागि षड्यन्त्र हुन थाल्यो भने पहिला हामीले जनतालाई सूचना गर्छौं र जनतासँगै युद्ध वा आन्दोलनको तयारी गरी राजतन्त्रलाई एकैपटक नामेट पारिदिन्छौं ।'

जनसेनाहरु फौजी कार्यमा जति दक्षता हासिल गरेका छन्, त्यत्तिकै राजनीतिक र वैचारिक कुरामा विचार विमर्श र चिन्तन गरिरहेका हुन्छन् । निसर्त संविधानसभाको चुनाव भयो भने देश नयाँ ठाउँमा पुग्ने विश्वास रहेको छ उनीहरुको । माओवादीको हतियार व्यवस्थापनको कुरा चल्दा जनसेनाका एक प्लाटुन कमाण्डर आक्रोश यस्तो भन्छन्- 'राजनीतिक लाइनबाट चलेको बन्दुकको व्यवस्थापन गर्नु त कुनै समस्याको कुरा होइन, कुरा राजतन्त्रको पक्षमा रहेको बन्दुकको व्यवस्थापन गर्नु हो । त्यो बन्दुकलाई पहिला जनताको अगाडि झुकाउनुपर्छ । बरु राजनीतिक वृत्तमा त्यसको छलफल चलोस् ।' देशमा उर्लिरहेको संविधानसभाको लहरमा पार्टी एसल्टमा पुगी राजनीतिक निकाससहित देशलाई अगाडि बढाउन लागिरहेको कुरा पनि आक्रोशले बताउनुभयो । राष्ट्रिय सेना बनाउने भन्ने कुरामा अर्को एक कमाण्डर विशाल भन्नुहुन्छ- 'निकास हुन्छ र पार्टीले निर्देशन गर्छ भने हामी राष्ट्रिय सेनामा जान तयार छौं । हामी जनताकै पक्षमा समर्पित भएकाले जनताको लागि जे बन्न पनि तयार छौं ।'

शाही सेनाले क्षमता हेरेर जनसेनालाई भर्ती गर्न सकिने कुरा बताएको छ नि भनी सोध्दा पाँचौं डिभिजन अन्तर्गतका ब्रिगेड कमाण्डर विप्लव भन्नुहुन्छ- त्यस्ता केटाकेटीलाई फकाउने कुराको कुनै तुक छैन । उहाँ थप भन्नुहुन्छ- छाती र अग्लाइ नापेर क्षमता हेरिदैन बरु विचार र साहसलाई नाप्नुपर्दछ । फौजी क्षमताकै कुरा गर्ने हो भने हाम्रा हरेक सदस्यहरु १५/२० वटा मोर्चामा लडी फौजी विशिष्टता लडाइँबाटै हासिल गरिसकेका छन् बरु क्षमता त उनीहरुकै नाप्नुपर्ने भएको छ । तपाईंहरुको सक्रिय रक्षा कस्तो किसिमको रक्षा हो भन्दा उहाँ भन्नुहुन्छ- हामी गतिशील र सक्रिय हुँदै राजनीति र जनसेवाका कामहरु गरिराख्छौं । पुलिस, सेना हतियारसहित गाउँमा पसे छोड्दैनौं, हतियार लिई हामी सहर पस्दैनौं ।

# अविलम्व संविधानसभाको निर्वाचन घोषणा गर्न आग्रह

नुवाकोट/ने.क.पा.(माओवादी) नुवाकोटले बैशाख २७ गते चौघडामा विशाल जनसभाको आयोजना गरेको छ । दशौं हजारको उपस्थिति रहेको सो सभालाई सम्बोधन गर्दै ने.क.पा (माओवादी) नुवाकोट, रसुवा, धादिङका इन्चार्ज क.सिंहले निसर्त संविधानसभाको घोषणा नभए देशमा फेरि थप रक्तपात निम्तिन सक्ने चेतावनी दिनु भएको छ ।

नेपाली जनताको वास्तविक तागतदेखि आतंकित अमेरिकी साम्राज्यवाद सात दल र दरबारबीच एकता गराएर माओवादीविरुद्ध लडाउने ग्राइण्ड डिजाइनमा तल्लिन रहेकोले निसर्त संविधानसभाको निर्वाचन हुने कुराप्रति आफूहरु विश्वस्त हुन नसकिरहेको उहाँको कथन थियो । उहाँले अगाडि भन्नु भयो- 'हामीले गर्ने भनेको संविधानसभाको निर्वाचन ०४७ सालको मृत संविधानको लासमाथि उभिएर होइन । यो संविधान खारेज गरी तुरुन्त नयाँ अन्तरिम विधान जारी गर्न हामी सात दलीय गठनबन्धनको सरकारसँग अविलम्व बृहत् राष्ट्रिय राजनीतिक सम्मेलनको लागि तयार हुन आग्रह गर्दछौं ।'

सभालाई सम्बोधन गर्दै अ.ने.म.संघ (क्रान्तिकारी) की केन्द्रीय सदस्य तथा पश्चिम विशेष क्षेत्रीय संयोजक विमला सुवदीले बैशाख ११ गतेको ज्ञानेन्द्र शाहीको घोषणा ०४६ साल चैत्र २६ गतेको मध्यरातको दोस्रो संस्करण भएको बताउनु भयो ।

सभामा बोल्दै संयुक्त क्रान्तिकारी जनपरिषद् रसुवाका प्रमुख प्रेमबहादुर तामाङ, अखिल(क्रान्तिकरी)का केन्द्रीय सचिवालय सदस्य हरिशरण आचार्य, जनमुक्ति सेनाका कम्पनी कमिसार क.नयन, नेपाल दलित मुक्ति मोर्चा नुवाकोटका अध्यक्ष शिव खाती लगायतका वक्ताहरुले गणतन्त्र र शान्तिका लागि संविधानसभा अपरिहार्य भैसकेकोले सरकारले अविलम्व निसर्त संविधानसभाको घोषणा हुनुपर्नेमा जोड दिनु भयो । नुवाकोट-रसुवा सेक्रेटरी क.जगतजंगको अध्यक्षतामा सम्पन्न सभाको संचालन जिल्ला पार्टी सदस्य क.अरुणले गर्नुभएको थियो ।

यसैबीच अखिल नेपाल शिक्षक संगठन, धादिङले २८ गते सल्यानटारमा एक वर्षअघि विद्यालयमा पढाइ रहेकै अवस्थामा शाही सेनाद्वारा गिरफ्तार गरी हत्या गरिनु भएका धादिङ उत्तरी क्षेत्रका लोकप्रिय शिक्षक गोविन्द सिंखडाको सम्मानमा प्रथम गोविन्द स्मृति सभाको आयोजना गऱ्यो । करिब पाँच हजार शिक्षक, विद्यार्थी र अविभावकहरुको उपस्थिति रहेको सो सभालाई ने.क.पा.(माओवादी) नुवाकोट, रसुवा, धादिङका इन्चार्ज क.सिंह, अखिल नेपाल किसान संघ (क्रान्तिकारी)का केन्द्रीय उपाध्यक्ष भक्तिप्रसाद लामिछाने, अखिल नेपाल शिक्षक संगठनका केन्द्रीय सदस्य तथा पश्चिम विशेष क्षेत्रीय संयोजक जगन्नाथ आचार्य, तामाङ स्वात्त गणतान्त्रिक सरकारका मन्त्री उत्तम कंडेल, नेपाल दलित मुक्ति मोर्चा पश्चिम विशेष क्षेत्रिय संयोजक यमबहादुर परियार लगायतले संवोधन गर्नु भएको थियो । *दयानिधि भट्ट*

# जनआन्दोलन कुर्सीको झगडाका लागि होइन

पर्वत/माओवादीका गण्डक क्षेत्रीय सदस्य तथा पर्वत जिल्ला सेक्रेटरी क.सरोजले नेपाली जनताले नेताहरुको कुर्सीको लागि आन्दोलन नगरेको बताउनुभएको छ । संसद स्थापना राजाबाट नभई सडकवाटै हुनुपर्ने सहमति भएको अवस्थामा लाखौलाख नेपाली जनताको भावना विपरीत दलहरु दरवार छिरेको उहाँको बताउनुभयो ।

नेकपा (माओवादी) पर्वतद्वारा जिल्लाको पाङ गाविसस्थित कुनाचौरमा वैशाख २८ गते आयोजना गरेको लोकतान्त्रिक गणतन्त्रका लागि जनसभामा बोल्दै क.सरोजले सो कुरा बताउनुभएको हो ।

संयुक्त क्रान्तिकारी जनपरिषद पर्वतका उपप्रमुख विष्णु लामिछानेको सभापतित्वमा सम्पन्न कार्यक्रमा लोकतान्त्रिक गणतन्त्रको लागि नागरिक अभियान पर्वतका संयोजक यमवहादुर विक, अखिल (क्रान्तिकारी)की जिल्ला सदस्य निर्मला न्यौपाने, माओवादी एक नम्वर एरिया सेक्रेटरी आकाश लगायतले सम्वीधान सभाको वारेमा वोल्नुभएको थियो । कार्यक्रमको संचालन शिक्षक संगठनका रेशम शर्माले गर्नुभएको थियो । कार्यक्रममा मगरात सांस्कृतिक परिवारका कलाकारहरु द्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा पाङ, खुर्कोट र नाङलीवाङ गाविसका गरि हजारौको सहभागिता रहेको थियो ।

# मजदुरको हत्याको भर्त्सना तथा छानविनको माग

काठमाडौं/अखिल नेपाल ट्रेड यूनियन महासंघले हालै मोरङ्गको कटहरीस्थित निक्की जुटमीलमा कार्यरत मजदुर पन्नालाल यादवको हत्याको घट्नाको घोर भर्त्सना गर्दै तत्काल उक्त घट्नाको छानविन गर्न र हत्यारालाई कडाभन्दा कडा कार्वाही गरी पिडित परिवारजनप्रति उचित क्षतिपूर्ति दिलाउन सरकार समक्ष जोडदार माग गरेको छ । संगठनका अध्यक्ष शालिकग्राम जम्कट्टेलले एक वक्तव्य जारी गरी उक्त कुरा बताउनु भएको हो ।

अध्यक्ष जम्कट्टेलले पुँजीपतिको यातनाबाट भएको हत्याको घट्नाप्रति स्तब्ध हुनुको साथै आफ्नो संगठन आक्रोशित भएको बताउनु भएको छ । उहाँले भन्नुभएको छ- "यदि सरकार निज अपराधीहरुमाथि आवश्यक कार्वाही नगरी आलेटाले प्रवृत्तिद्वारा घट्नाको गुपचुप गर्ने दिशामा देखिएमा निज अपराधी उद्योगपतिमाथि हाम्रो संगठन कार्वाही गर्न बाध्य हुनेछ र त्यसको सम्पूर्ण जिम्मेवार सरकार नै हुनेछ ।"

# छोरीलाई छोरा सरह अंश

धादिङ/अखिल नेपाल महिला संघ(क्रान्तिकारी) धादिङको तेस्रो सम्मेलन हालै सम्पन्न भएको छ । उक्त सम्मेलनको उद्घाटन प्रमुख अतिथि तथा संगठनकी केन्द्रीय सदस्य विमला सुवेदीले गर्नु भएको थियो । सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै ने.क.पा.(माओवादी) पश्चिम विशेष क्षेत्रीय ब्युरो इन्चार्ज क.उत्तमले जनयुद्धको दश वर्ष महिला मुक्तिको गौरवशाली दश वर्ष भएको बताउनु भयो ।

'हिजो महिलाहरुले बन्दुक छुँदा पड्कदैन भन्ने सामाजिक मान्यतामाथि लात मार्दै हजारौं नेपाली महिलाहरु यतिबेला साम्राज्यवादले नेपाली जनता मार्न प्रतिक्रियावादीहरुलाई दिएको एलएमजी, ८१ एमएम जस्ता हतियार पड्काएर आफ्नो वास्तविक मुक्तिका निमित्त युद्ध मोर्चामा डटिरहेका छन्' क.उत्तमको थप कथन थियो ।

सम्मेलनले एक सदस्य पछि थप्नेगरी सीता तिमल्सिना अध्यक्ष, दीपा सिंखडा उपाध्यक्ष र सरिता थापा सचिव रहेको १७ सदस्यीय जिल्ला समितिको चयन गरेको छ ।

छोरालाई छोरी सरह अंश दिनुपर्ने अनेमसंघ (क्रान्तिकारी) को केन्द्रीय समितिको नीतिको व्यावहारिक कार्यान्वयन गर्दै धादिङ जिल्ला सेक्रेटरी क.ज्योतिलगायत १७ जनाले सम्मेलन हलबाटै छोरीलाई छोरा सरह अंश प्रदान गर्नु भएको छ ।

आफूहरुले अंश पाएपछि अंश पाउनेहरुले भने-"हामीहरुलाई यतिबेला वास्तविक मुक्तिको अनुभूति भइरहेको छ । नेपाली महिलाहरु सम्पत्तिको वास्तविक हकदार बन्ने अवसर दिने अनेमसंघ(क्रान्तिकारी)लाई हामी विशेष धन्यवाद दिन चाहन्छौं ।"

सम्मेलनले विशेषाधिकारसहित सत्तामा ४० प्रतिशत महिलाको सहभागिता सुनिश्चित हुनुपर्ने, आमाको नामबाट नागरिकता पाउनुपर्ने, निसर्त संविधानसभामार्फत् लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनुपर्ने, बालविवाह, बहुविवाह, वेश्यावृत्ति घरेलु हिंसा चेलीवेटी बेचविखनलगायतका महिला उत्पीडनका सबै रुपहरुको अन्त्य गर्नेलगायतका सवालहरुलाई संगठनले आगामी दिनहरुमा प्रमुख मुद्दाको रुपमा अघि सारी निरन्तर जनयुद्धको झण्डामुनि गोलबन्द हुँदै संघर्ष गरिरहने नीति पारित गरेको छ ।

# धादिङमा विशाल सभा

*दयानिधि भट्ट*

काठमाडौं/यही बैशाख ३० गते जनवर्गीय संगठन र मोर्चाहरुको आयोजनामा धादिङबेसीस्थित खुलामञ्चमा बीस हजार जनसमुदायको उपस्थितिमा विशाल जनसभा सम्पन्न भएको छ । सभालाई सम्वोधन गर्दै वक्ताहरुले तत्काल संविधान सभाको घोषणा गर्न सात दलीय गठबन्धनको सरकारलाई दवाब दिनुपर्ने बताएका छन । ने.क.पा (माओवादी) धादिङ, नुवाकोट, रसुवाका इन्चार्ज क. सिंहले सभालाई सम्बोधन गर्दै दुइ करोड ५० लाख नेपाली जनताको साझा माग बनिसकेको संविधान सभाको प्रक्रियामा तगारो बन्नै जुनसुकै शक्तिको अन्त्य धेरै दुखःदायी ढंगले हुने बताउनु भयो ।

कमल थापा, टंक ढकाल र श्यामभक्त थापाहरु जस्ता जनहत्याराका नायकहरुलाई गरिएको कारवाही स्वागतयोग्य भन्दै क. सिंहले अगाडि भन्नुभयो "यो क्रमले निरन्तरता पाउनु पर्छ ।" अखिल नेपाल ट्रेड युनियनका अध्यक्ष शालिकराम जमकट्टेलले वैदेशिक शक्तिकेन्द्रको इशारामा राजा ज्ञानेन्द्रले फेरि एकपटक राजनीतिक पार्टीहरुको काँधमा बन्दुक राखेर माओवादी शक्तिसँग भिड्न मैदानमा उत्रन सक्ने कुराप्रति सजग रहन सात राजनीतिक पार्टीलाई आह्वान गर्नुभयो । अहिले सबैले देश र जनताको लागि अधिकतम त्याग गर्ने समय भएकोले सत्ता स्वार्थको जोड घटाउमा नलाग्न पनि हामी सातदलीय गठवन्धनसँग विशेष आग्रह गर्दछौं अध्यक्ष जमकट्टेलले अगाडि भन्नुभयो । तामाङ स्वायत्त गणतान्त्रिक सरकारका अर्थ, उद्योग र बाणिज्य मन्त्री उत्तम कँडेलले युद्धविरामलाई राजनीतिक परिचालन र गतिविधिको समेत विरामको अर्थमा बुझ्ने काम भइरहेकौ बताउँदै त्यस्ता तत्वहरुसँग सजग रहन जनसमुदायलाई आह्वान गर्नुभयो ।

अखिल नेपाल किसान संघका केन्द्रीय उपाध्यक्ष भक्तिप्रसाद लामिछानेले सात सालमा त्रिभुवन भागे जस्तैगरी भाग्ने तयारीमा रहेको कथित राजा ज्ञानेन्द्र शाहीलाई भाग्नबाट बच्ने मौका दिनु दुर्भाग्यपुर्ण भन्नुभयो ।

चुनु-शिल्पा साँस्कृतिक सैन्य कम्पनीका जनकलाकारहरुले "शाही नेपाली सेनालाई हाम्रो प्रश्न छ, सामन्ती राजतन्त्र आज कहाँ छ" बोलको गीत गाउँदा ब्यारेक आसपासबाट कार्यक्रम हेरिरहेका शाही सेनाका जवानहरुले ताली बजाएका थिए । यसबाट के कुरा प्रष्ट हुन्छ भने केही मुट्ठिभर सामन्ती राणा शाह अफिसरहरु बाहेक शाही सेनाका तल्लो स्तरका जवानहरु राजतन्त्र विरोधी छन् । अखिल नेपाल शिक्षक संघ धादिङ्गका अध्यक्ष शंकर अधिकारीको संचालन र तामाङ राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष चम्पा सिंह तामाङको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा उपस्थित जनसमुदायहरुलाई अखिल (क्रान्तिकारी) की धादिङ्ग अध्यक्ष सुशिला थापाले स्वागत भाषण गर्नुभएको थियो ।

नेकपा माओवादीको आयोजनामा देशव्यापी रुपमा भइरहेको जनसभाहरुमा हजारौं जनताहरुको उपस्थितिले नेपाली जनता हरहमेशा शान्ति, लोकतन्त्र र अग्रगमनको पक्षमा रहेको र निरंकुशता कबुल्न कहिल्यै तयार नभएको कुरा प्रष्ट हुन्छ ।

# बुटवलमा अखिल (क्रान्तिकारी)को कार्यालय स्थापना

बुटवल/अखिल(क्रान्तिकारी) रूपन्देहीले शुक्रबार बुटवलमा सम्पर्क कार्यालय स्थापना गरी आफ्ना गतिविधिललाई तीब्रता दिएको छ । कामलाई अझ सहज बनाउन क्रान्तिकारीले बुटवलको क्याम्पस रोडस्थित नेबिल बैंक छेउमा रहेको राष्ट्रिय वाणिज्य बैंक पश्चिम क्षेत्रीय सुपरीवेक्षण कार्यालयमा आफ्नो कार्यालय खोलेको हो ।

सो कार्यालयको एक समारोहबीच अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य तेजकुमारी पौडेलले उद्घाटन गर्नुभयो ।

नागरिक जागरण अभियान नेपालका अध्यक्ष श्यामबहादुर पाठकले कार्यालय स्थापनाको सन्दर्भमा विद्यार्थी संगठनलाई शुभकामना दिनुभयो ।

सो अवसरमा जनादेशका खिलबहादुर भण्डारी, अखिल (क्रान्तिकारी) बुटवल बहुमुखी इकाइ कमिटी अध्यक्ष बाबुराम खनाल, प्रभा ढकाल, गोपाललगायतले आ-आफ्ना धारणा राख्नुभएको थियो ।

# विश्वस्त बनौं .....

नेपाली जनता समग्रताका साथ आन्दोलनमा होमिएको हो । आन्दोलनका प्राप्तिहरुको व्यावहारिक मूर्तीकरणको अनुभूत गर्न खोज्नु प्राप्तिहरुलाइ व्यवहारमा पाउन खोज्नु उसको हक पनि हो । तर एउटा प्रश्न, एउटा आशंकाले चिथोरी रहन्छ । कतै यहाँका पार्टीहरुले गलत नीति, चिन्तन र व्यवहारका कारण पद, कुर्सी र निजी स्वार्थका लागि प्रतिक्रियावादीका सामु आत्मसमर्पण गर्ने त होइनन् ?

प्रश्नहरु छन्, आशंकाहरु पनि छन् तर स्थिति फ्रान्सको जस्तो छैन । फरक छ । नकारात्मक होइन सकारात्मक छ । फ्रान्समा त्यतिबेर क्रान्तिकारी कम्युनिष्ट पार्टी थिएन । जनताको जनमुक्ति सेना पनि थिएन । तर हामीसित महान् जनयुद्ध लडिरहेको महान् पार्टी, नयाँ विचार र महान् जनमुक्ति सेना छ । यही नै आशा र विश्वासको आधार हो । संसदवादीहरुका एकाध व्यक्तिहरुले माओवादी जनयुद्ध, जनसेना र सशस्त्र हतियारवद्धताको विरुद्ध जसरी विषवमन गरिरहेका छन् त्यो एकदमै घातकमात्र होइन षड्यन्त्रमूलक पनि छ भन्नु पर्ने हुन्छ । यसले जनआस्थाको आधार विरुद्ध आफूलाई उभ्याउँछ । हामीसित गद्दारीविरुद्ध र आस्थाको पक्षमा दरिलो आधार छ । वास्तवमा यतिवेर नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का सामु जनताको संघर्षशील र जुझारु चेतनालाई निरन्तरता दिनु पर्ने र विश्वासलाई जगाइराख्ने थप जिम्मेवारी थपिएको छ । भर्खरै माओवादी पार्टीका अध्यक्ष क.प्रचण्डवाट प्रस्तुत वक्तव्यमा व्यक्त निम्न भनाइहरु बडो सान्दर्भिक छन् -यदि सातदलको सरकार १२बुँदे समझदारी र जनआन्दोलनको गणतान्त्रिक आकाङ्क्षाका विरुद्धमा गएमा देशमा अर्को जनविद्रोह हुने छ । हाम्रो पार्टी त्यसको नेतृत्व गर्न तयार रहने छ । हाम्रो २१सौं शताब्दीको क्रान्तिले अतितवाट शिक्षा त लिन्छ तर वर्तमानमा टेकेर भविष्यतर्फ कसरी छलाङ्ग हान्नु पर्छ भन्ने कुरा यसलाई राम्ररी थाहा छ । स्वाभाविक छ विश्वमा न्यायप्रेमी जनताको आँखा सगरमाथातर्फ छन् । र, नेपाली जनताको ध्यान माओवादी पार्टीप्रति छ । वर्तमानको यथार्थ यही नै हो ।

जेठ, १-२०६३

# मुसिकोटममा गणतन्त्रको नारा घन्कियो

रुकुम/सदरमुकाम मुसिकोट खलंङ्गामा नेकपा(माओवादी)ले यसै साता विशाल जनप्रदर्शन तथा सभा गरेको छ । सभालाई सम्बोधन गर्दै माओवादीका जिल्ला इन्चार्ज पूर्ण घर्तीले सदरमुकामलाई पार्टी हेड्क्वार्टरका रुपमा विकास गरिने बताउनु भयो ।

मूर्दा शान्ति चाहिदैन, संसद पुनर्स्थापनाको भ्रममा नपरौं भन्दै तीन दिनदेखि हिडेर टाढा टाढाबाट आएका झण्डै ३० हजार रुकुमवासीलाई माओवादी नेताहरुले त्यसरी नै आन्दोलित भइरहन आह्वान गरे ।

सेक्रेटरी क.अनलले जनआन्दोलनको मर्ममाथि बज्रप्रहार गरेका दललाई जनताले नछोड्ने बताउँदै नागरिक समाजले आन्दोलनमा पानी खन्याएको बताउनु भयो ।

शाही सेनाले लगाएको तारवार उखेलेर जिल्ला प्रहरी कार्यालयका अगाडि टुडिंखेलमा गरिएको सभामा नअटाएका जनता चारैतिरबाट बाजागाजासहित गणतन्त्रका पक्षमा नारावाजी गर्दै सदरमुकाम ओइरिएका थिए । सेना, प्रहरी र सरकारी कर्मचारीसमेत काम छाडेर सभामा आए ।

सभामा जनसेनाका बटालियन कमिसार क.जिनाफले, सदरमुकाम बाहिर जनसेना सक्रिय रक्षा पंक्तिमा बसेको भन्दै शाही सेनालाई व्यारेक नछाड्न चेतावनी दिनु भयो । अनेकिसंघ (क्रान्तिकारी) का सचिव बुद्धिप्रसाद शर्माले जमिन जोत्नेको जिम्मा लगाउनु आफ्नो संगठनको लक्ष्य हो भन्नु भयो ।

संविधानसभा र लोकतान्त्रिक गणतन्त्रका लागि नागरिक मोर्चाका सदस्य झलक गैरेले दशक बढीको माओवादी जनयुद्ध र १९ दिनको अभूतपूर्व लोकतान्त्रिक जनआन्दोलनको एउटै म्याण्डेड राजतन्त्रको समुल नष्ट गर्नु रहेको बताउनु भयो ।

यसैबीच माओवादी, रुकुमले सरदमुकाम मुसिकोटलाई कुरुप पार्ने गरी जनतालाई वन्दी सरह बनाउन लगाइएको तारवार हटाउन प्रशासनलाई अल्टिमेटम दिदै अन्यथा पार्टीले जनता परिचालित गरेर हटाउने चेतावनी दिएको छ । पार्टी इञ्चार्ज आभाषद्वारा जारी विज्ञप्तिमा जिल्लामा शाही सत्तालाई संस्थागत गर्न मद्दत दिने मतियारहरुलाई जनकार्वाही गरिने, त्यस अवस्थाको आर्थिक अनियमितताको छानविन गर्न स्वतन्त्र आयोग गठन गर्ने जनाइएको छ ।

यसैबीच सरदमुकाममा जिल्ला जनसरकाको कार्यालय स्थापना गरी काम शुरु गरिएकोले सबै विकास निर्माणका काम स्वीकृति लिएर मात्र गर्न जिल्ला जनसरकार प्रमुख शरुण वाँठा मगरले बताउनु भएको छ । यसैगरी पार्टी इञ्चार्ज आभाष, सेक्रेटरी अनल, जनसरकार प्रमुखलगायतको एउटा टोलीले जिल्लाको सिडियो, सात दलका नेताहरुसँग छलफल पनि चलाइरहेको छ ।

# राजबन्दीहरुले आतंककारी बिल्ला च्याते

दाङ/माओवादी पार्टीमाथिको रेडकर्नर नोटिस र आतङ्ककारीको बिल्ला हटाइसके पनि आफूहरुलाई आतङ्ककारी बिल्ला थमाई थुनिराखेको भन्दै घोराही कारागारमा रहेका करिब ४८ जना राजनीतिक बन्दीहरुले पत्रकार, मानवअधिकारवादी र कानुन व्यवसायहरुका बीचमा वैशाख २७ गते कारागारभित्रै कथित आतङ्ककारी पुर्जी च्यातिदिएका छन् ।

माओवादीको नीति, कार्यक्रम र योजनाप्रति प्रतिबद्ध रहँदै रामबहादुर दहितको संयोजकत्वमा आन्दोलन परिचालन कमिटी निर्माण गरी विभिन्न मागसहित उनीहरुले आन्दोलनको घोषणा गरेका छन् । जसमा रिले अनसनदेखि लिएर आमरण अनसनसम्मका संघर्षका कार्यक्रमहरु रहेका छन् ।

आतङ्ककारी ऐन अध्यादेशअन्तर्गत झुट्ठा मुद्दा लगाई थुनिएका सबै राजबन्दीहरुलाई रिहा गरिनुपर्ने, चरम यातनाका कारण मानसिक सन्तुलन गुमाएका १५ वर्षीय बालक रमेश महतको रिहाइसहित उपचारको व्यवस्था गरिनुपर्ने, तुलसीपुर कारागारबाट बेपत्ता पारिएका आन्दोलन चौधरी, किरण गिरीसहित १२ जनाका साथै देशभरि बेपत्ता पारिएका साथीहरुको स्थिति सार्वजनिक गरिनुपर्ने र देशभरिका बन्दी गृहमा अमानवीय व्यवहार गर्ने सुरक्षाकर्मी तथा कर्मचारीहरुलाई अविलम्व कारवाही गरिनुपर्ने लगायतका उनीहरुको माग रहेका छन् ।

# दाङमा बयालीसौं विद्यार्थी दिवस

तुफान अधिकारी

दाङ /अनेरास्ववियू (क्रान्तिकारी)को आयोजनामा हिजो गणतन्त्र बहुमुखी क्याम्पस दाङमा ४२ औ विद्यार्थी दिवस सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि अनेरास्ववियू (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य रमेश मल्लले सामन्तवाद, साम्राज्यवादका नाइकेहरुले फेरि पनि षड्यन्त्र गर्न सक्ने भएकोले सम्पूर्ण विद्यार्थीहरु सचेत हुनुपर्ने बताउन भयो । त्यस्तै केन्द्रीय सदस्य रत्नबहादुर महराले नेपाली जनताले चाहेको शान्ति भनेको अग्रगमनसहिताको शान्ति भएको बताउनु भयो ।

त्यस्तै कार्यक्रममा अतिथिका रुपबाट बोल्नेहरुमा गणतन्त्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख राधा पौडेलले केही वर्ष पहिले आतकंकारी आरोप लागेका विद्यार्थीहरु अहिले आएर क्याम्पसमा कार्यक्रम गर्दा आफूलाई खुशी लागेको बताउनु भयो ।

त्यस्तै अर्का अतिथि अनेरास्ववीयु मालेका केन्द्रीय सदस्य गणेश केकेले मध्ययुगीन सामन्तवादका विरुद्ध र निरङकुश अतिवादका विरुद्ध संघर्ष गरिरहनु पर्नेमा जोड दिनु भयो ।

सोही कार्यक्रममा एक वर्ष पहिले कामको सिलसिलामा गिरफ्तार पर्नु भएकी अनेरास्ववियू (क्रान्तिकारी)की एरिया सदस्य पुष्पा चौधरी जेलमुक्त हुनु भएकोमा उहाँलाई सम्पूर्ण अतिथिहरुले अविर र मालासहित अभिनन्दन गर्नु भएको थियो ।

का.जि.का.द.नं. ४१/०४७/०४८/ म.क्षे.हु.द.नं. ४/०५२/०५३.

# लोकतन्त्र, शान्ति र अग्रगमनको मार्गचित्र

**संसदवादी दलहरूको सरकार र माओवादी पक्ष दुवैले झिनामसिना आग्रह र पूर्वाग्रहमा नअल्झिई गणतन्त्रलाई संस्थागत गर्ने मूल राजनीतिक एजेण्डामा केन्द्रित भएर वार्ता प्रक्रियाको थालनी गर्नु जरूरी छ। राजतन्त्र अझै पनि दुवै पक्षको साझा र मुख्य दुश्मन हो र प्रस्तावित वार्ता लोकतान्त्रिक आन्दोलनमा सहकार्यकै नयाँ तथा भिन्न रुप हो भन्ने वोध दुवै पक्षलाई हुनु आवश्यक छ। अन्यथा, लोकतन्त्र, शान्ति र अग्रगमनको जनआकांक्षा अधुरै रहनेछ र नयाँ ढंगले उठ्ने जनविद्रोहले कसैलाई पनि बाँकी राख्ने छैन।**

**○ बाबुराम भट्टराई**

ने.क.पा.(माओवादी) को हालै सम्पन्न केन्द्रीय समितिको बैठकले आगामी दिनमा माओवादी-संसदवादी शक्तिहरूबीच हुने वार्ताको १०-बुँदे मार्गचित्रको प्रस्ताव सार्वजनिक गरेको छ। १२-बुँदे समझदारीकै निरन्तरतामा अघि सारिएको यो मार्गचित्र वास्तवमा हालैको ऐतिहासिक जनआन्दोलनद्वारा अनुमोदित र आम जनसमुदायले अपेक्षा गरेको लोकतन्त्र, शान्ति र अग्रगमनको मार्गचित्र हुनाले यसबारे सबैले गम्भीरतापूर्वक चिन्तनमनन गर्नु जरूरी छ। नागरिक आन्दोलनका अगुवाहरूले स्वतन्त्र रुपमा नयाँ सरकार समक्ष प्रस्तुत गरेका सुझावहरू प्रायः सबै नै यो मार्गचित्रसँग मिल्दोजुल्दो देखिएबाट आफ्नो निहित संकीर्ण स्वार्थलाई भन्दा देश र जनताको बृहद् हितलाई केन्द्रमा राखेर सोच्नेहरू सबै उस्तै निष्कर्षमा पुग्नु स्वाभाविक हुन्छ भन्ने पुष्टि भएको छ र त्यस अर्थमा सबै सच्चा लोकतन्त्रवादी शक्तिहरूले यसलाई विशेष गम्भीरतापूर्वक लिनु जरूरी छ।

जसले कुरा जतिसुकै तन्काए पनि ०६२/०६३ को जनआन्दोलनको एउटै लक्ष्य सामन्ती राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना थियो। युगौंदेखि राजतन्त्रको आडमा आफ्नो स्वार्थ पूर्ति गर्दै आएका विदेशी शक्तिहरूको आड, बलमा नै ढलिसकेको राजतन्त्रलाई एक कदमपछि हट्न लगाएर केही समय अरू टिकाउने षड्यन्त्र रातारात कार्यान्वयन भएको थियो र त्यसैक्रममा मिति पुगिसकेको संसदलाई ब्युँताउने काम भएको थियो भन्ने अब सबैलाई प्रष्ट भइसकेको छ। यो स्थितिमा आगामी दिनमा राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने र ऐतिहासिक जनआन्दोलनको लक्ष्य, मर्म र भावनालाई पूर्णता दिने काममा पुनर्जीवित संसद साधक बन्छ कि बाधक बन्छ भन्ने कुरा नै आन्दोलनको मुख्य मुद्दा बन्ने निश्चित छ। १२-बुँदे समझदारी निर्माण गर्ने बेलामा नै माओवादी र संसदवादी शक्तिहरूबीच संसद पुनर्स्थापनाको प्रश्नमा मुख्य मतभेद केन्द्रित रहेकाले आगामी वार्ताको क्रममा त्यो विषय पुनः घाँटीमा अड्केको हाड बन्न सक्छ। त्यसैले नागरिक आन्दोलनकारी अगुवाहरू र माओवादी क्रान्तिकारीहरूले छुट्टाछुट्टै रुपमा यथाशीघ्र वर्तमान संविधान, संसद र सरकार खारेज गरेर नयाँ अन्तरिम विधान र अन्तरिम सरकार निर्माण गर्ने र संविधानसभाको निर्वाचन सम्पन्न गर्ने जुन प्रस्ताव अघि सारेका छन् त्यसको दूरगामी महत्व र अन्तरनिहित मर्मलाई सच्चा गणतन्त्रवादी शक्तिहरूले राम्ररी बोध गर्न जरूरी छ। त्यसको विपरीत सात पार्टीभित्रका रुढिवादी कट्टरपन्थी तत्वहरू र तिनका विदेशी पृष्ठपोषकहरूले जनआन्दोलनको स्पिरिटलाई पुनर्स्थापित संसदभित्र कैद गरेर राख्ने तथा संविधानसभाको निर्वाचनलाई सकेसम्म पर सार्ने जुन खुला र छद्म प्रयत्न गरिरहेछन् त्यसको भयंकर दुष्परिणामप्रति सबै उत्तिकै सजक रहन आवश्यक छ।

माओवादी आफू संसदमा नरहेको कारणले मात्र संसद पुनर्स्थापनाको बाटोको विरोध गरेको होइन। राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनाको मुख्य राजनीतिक लक्ष्य विद्यमान संविधान र संसदबाट प्राप्त गर्न खोज्नु असाध्यै जोखिमपूर्ण, घुमाउरो र अनिश्चित हुनसक्छ भनेर नै १२-बुँदे समझदारीको बेलादेखि नै त्यसबारे खबरदारी गरिएको हो। अर्कोतिर संसदवादी शक्तिहरू र उनीहरूका विदेशी पृष्ठपोषकहरूले राजतन्त्र ढलेको अवस्थामा सत्ता सिधै क्रान्तिकारीहरूको हातमा नजाओस् भनेर जनप्रतिनिधित्वविहीन संसदको पुनर्स्थापनामा जोड दिएका हुन् भन्ने पनि नबुझिएको कुरा होइन। आखिर आन्दोलन उत्कर्षमा पुगिरहेको बेला नाटकीय ढंगले संसद पुनर्स्थापना गराएर सो कुराको पुष्टि पनि भइसकेको छ। तर मुख्य चिन्ताको बिषय यतिबेला के हो भने १२-बुँदे समझदारी अनुरूप अघि बढ्नेले त संसदलाई नै आदि र अन्त्य ठान्ने र त्यसैलाई निरन्तरता दिएर १२-बुँदे समझदारीलाई कोल्डस्टोरमा थन्काउने जुन प्रयत्न गरिरहेछन् त्यसले जनआन्दोलनको मर्म र देशको वर्तमान आवश्यकतामाथि गम्भीर कुठाराघात गर्ने खतरा बढेको छ। यसै प्रसङ्गमा तत्काल संसदवादी-माओवादी वार्ताको थालनी गरेर वर्तमान संविधान र संसदलाई खारेज गरी अन्तरिम सरकार र संविधानसभाको निर्वाचनमा जाने नागरिक आन्दोलनकारीहरू र माओवादी क्रान्तिकारीहरूको मार्गचित्रको औचित्य र महत्व अरू टड्कारो बन्दछ।

यहाँ ध्यान दिनु पर्ने मुख्य कुरा के हो भने निरंकुश राजतन्त्रले सार्वभौमसत्ता र राजकीय अधिकार जनतामा कायम हुनै दिदैन। यदि संसदले जनआन्दोलनको बलमा सडकबाटै आफूलाई पुनर्स्थापना गरेको भए अथवा आन्दोलनकारी शक्तिहरूको राजनीतिक सम्मेलनले वा भेलाले सडकबाटै आफूलाई सार्वभौमसत्ता सम्पन्न घोषणा गरेर राजतन्त्रलाई खारेज गरेको भए कुरा बेग्लै हुनसक्दथ्यो। तर अब जे हुनु भइसक्यो। यो स्थितिमा अब गर्न सकिने र गर्नुपर्ने सबभन्दा उपयुक्त र राम्रो कुरा भनेको संसदले पुरानो संविधान र कानुनका कुनै पक्रियामा नबाँधिई राजनीतिक निर्णयद्वारा राजाबाट सबै अधिकार खोसेर आन्दोलनकारी शक्तिहरूको राजनैतिक सम्मेलन वा परिषद्मा हस्तान्तरण भएको घोषणा गर्नु र पुरानो संविधान तथा स्वयं संसद आफैलाई भंग गर्नु हो। त्यसपछि त्यस्तो सर्वाधिकारसम्पन्न राजनीतिक सम्मेलनले नयाँ अन्तरिम विधान र अन्तरिम सरकार निर्माण गरेर संविधानसभाको निर्वाचन र नयाँ राज्यव्यवस्थाको निर्माण गर्नेछ र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नेछ। ने.क.पा.(माओवादी) ले अघि सारेको र नागरिक आन्दोलनका अगुवाहरूले जोड दिएको मार्गचित्रको सारतत्व यही हो। यसरी मात्र युगौंदेखिको सामन्ती राजतन्त्र र उसको छत्रछायाँमा हुर्केको शाही सेना र प्रशासनयन्त्र लगायतका निरंकुशतावादी संयन्त्रहरूलाई नियन्त्रणमा लिएर स्वतन्त्र र निष्पक्ष संविधानसभाको निर्वाचन सम्पन्न गर्न र लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न सम्भव हुनेछ। यदि त्यसो नगरी यो वा ऊ बहानामा निरंकुश राजतन्त्रले बारम्बार बलात्कार गरेको पुरानै संविधान र त्यसअन्तर्गतका कानुनहरूको प्रक्रिया मिलाएर संविधानसभामा जाने, त्यतिबेलासम्म पुरानै संविधान र संसद कायम राख्ने ढिपी कस्ने हो भने त्यसबाट गणतन्त्र प्राप्त गर्ने आशा गर्नु 'आकाशको फल आँखा तरी मर' मात्र हुने निश्चित् छ। त्यसैले माओवादी पक्षले शुरूदेखि नै जोड दिंदै आएको र अहिले वार्ताको नयाँ मार्गचित्रमा प्रस्तावित गरेको राजनीतिक सम्मेलन, अन्तरिम विधान र अन्तरिम सरकारको कुरालाई एउटा सामान्य प्रक्रियागत भिन्नताको रूपमा मात्र नलिई गम्भीर वैचारिक-राजनैतिक महत्वको विषयको रूपमा बुझ्न अत्यन्त जरूरी छ। सबै लोकतन्त्रवादी राजनीतिक शक्तिहरू, नागरिक आन्दोलनकारीहरू, जातीय तथा क्षेत्रीय मुक्ति संगठनहरू र पेशागत संघसंस्थाहरूको समुचित प्रतिनिधित्व भएको राजनीतिक सम्मेलनलाई जुनसुकै नाउँ दिए पनि त्यो वर्तमान संसदभन्दा बढी जनप्रतिनिधित्वपूर्ण हुने र त्यसको चरित्र धेरै अग्रगामी र लोकतान्त्रिक हुने सुस्पष्ट छ।

त्यसको अतिरिक्त संविधानसभालाई साँच्ची नै प्रतिनिधित्वपूर्ण बनाउन वर्तमान निर्वाचन क्षेत्र र निर्वाचन प्रणालीमा आमूल परिवर्तन गरेर उत्पीडित वर्ग, जाति, क्षेत्र, महिला, दलित आदि सबैको समूचित प्रतिनिधित्व हुने प्रणाली अंगिकार गर्न जरूरी छ। साथै निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन शाही सत्ताका फौजी, प्रशासनिक, आर्थिक संरचनाहरूमा तत्कालै अग्रगामी परिवर्तन गर्न जरूरी छ। नयाँ सरकारले शाही सत्ताका कतिपय सुरक्षा प्रमुखहरू र प्रशासनिक अधिकारीहरूलाई हटाउने सकारात्मक पहल गरे पनि त्यो आवश्यकताको तुलनामा अत्यन्त न्यून छ। खासगरी शाही सेनाको उपल्लो नेतृत्व पंक्तिमा आमूल परिवर्तन नगरेसम्म संविधानसभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष ढंगले निर्वाध रुपमा सम्पन्न गर्न सम्भवै छैन। त्यो अहम् महत्वको प्रश्नमाथि आँखा चिम्लेर शाही सत्ताविरूद्ध लड्दै आएको जनमुक्ति सेनालाई मात्र समस्या देख्ने घातक प्रवृत्ति कतिपय वृत्तमा अझै कायम रहेको देखिनु निश्चय नै गम्भीर कुरा हो। १२-बुँदे समझदारीले दुवै पक्षका सेनालाई चुनाव अवधिभर अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने स्पष्ट किटानी गरिसकेको कुरालाई लुकाएर माओवादी सेना र हतियारको अनावश्यक र अतिरञ्जित हौवा खडा गर्ने प्रवृत्तिलाई बेलैमा नियन्त्रण र परास्त गर्नु अत्यन्त जरूरी छ। त्यसरी नै युद्धविराम आचारसंहिता निर्माण गर्ने कुरामा आफै आलटाल गर्ने अनि उल्टै 'माओवादी हतियार प्रदर्शन' र 'चन्दा असुली'को होहल्ला गर्ने प्रवृत्तिले पनि वार्ता प्रक्रिया र शान्ति स्थापनाको लक्ष्यलाई मद्दत गर्ने छैन।

समग्रमा, ऐतिहासिक जनआन्दोलनको स्पिरिट बमोजिम १२-बुँदे समझदारीलाई अझै विकसित गर्नु र लोकतन्त्र, शान्ति र अग्रगमनको मार्गचित्रलाई कार्यान्वयन गर्नु प्रस्तावित वार्ताको मुख्य कार्यभार हो। त्यस निम्ति संसदवादी दलहरूको सरकार र माओवादी पक्ष दुवैले झिनामसिना आग्रह र पूर्वाग्रहमा नअल्झिई गणतन्त्रलाई संस्थागत गर्ने मूल राजनीतिक एजेण्डामा केन्द्रित भएर वार्ता प्रक्रियाको थालनी गर्नु जरूरी छ। राजतन्त्र अझै पनि दुवै पक्षको साझा र मुख्य दुश्मन हो र प्रस्तावित वार्ता लोकतान्त्रिक आन्दोलनमा सहकार्यकै नयाँ तथा भिन्न रुप हो भन्ने वोध दुवै पक्षलाई हुनु आवश्यक छ। अन्यथा, लोकतन्त्र, शान्ति र अग्रगमनको जनआकांक्षा अधुरै रहनेछ र नयाँ ढंगले उठ्ने जनविद्रोहले कसैलाई पनि बाँकी राख्ने छैन। १ जेष्ठ २०६३

## घेराबन्दीलाई ......

बहादुरपुरमा केन्द्रित भयो। यो घेराबन्दी तोड्न जनमुक्ति सेनाले भीडन्त गर्नुपर्‍यो।

जनमुक्ति सेनाले दोश्रो घेराबन्दी तोडे पछि माघ १८ मा पाल्पामा केन्द्रित हमला गर्‍यो। पाल्पाको सफल कारवाहीपछि जनमुक्ति सेनालाई घेरा हाल्न शाही सेनाको ठूलो फोर्स नवलपरासी, पाल्पा, रुपन्देहीबाट अघि बढ्यो। यो शाही सेनाको तेश्रो घेराबन्दी थियो। तेश्रो घेराबन्दीकै बीचमा जनमुक्ति सेनाको सैन्य टुकडीले नवलपरासीको सुनवलमा हमला गर्‍यो। अपरान्ह तीन बजे शुरु भएको राजमार्गको यो लडाईं जनयुद्धको इतिहासमा सर्वाधिक चर्चित रहन पुगेको आम विश्लेषण छ। नवलपरासीको सुनवलमा शाही सेनाले चिताउँदै नचिताएको सर्वनाक पराजय भोगे यदि जनमुक्ति सेनाका विरुद्ध केन्द्रित सैन्य फोर्स उतारेर चौथो घेराबन्दी शुरु भयो।

जनमुक्ति सेनाले यही घेराबन्दीका बीचमा पाल्पाको वेभोके र अर्घाखाँची-पाल्पाको सिमानामा पर्ने तीनगिरेमा गरेका फौजी हमला सर्वाधिक केन्द्रमा रहन पुगे। यी लडाई र सुनवलमा ६०-७० हजार गोली र भारी संख्यामा हतियार जनमुक्ति सेनाले कब्जामा लियो।

तीनगिरे मोर्चामा शाही सेनाले १८ वटा गणबाट छानिएको शक्ति केन्द्रित गरेको भीडन्त यदि मरेका सेनाका परिचय यत्रबाट देख्न सकिन्थ्यो।

तीनगिरे मोर्चा यदि जनमुक्ति सेनालाई पाँचौ पटक र गुल्मी, रुपन्देही, नवलपरासी, तनहुँ पाल्पाबाट शाही सेना अघि बढेर घेराबन्दी गर्‍यो। जनमुक्ति सेना जहाँ पुग्छ त्यही शाही सेनाको ठूलो शक्ति लगेर राख्ने क्रममा लडाई अवधिभर जारी रहे।

पछिल्लोपटक बुटवल र कपिलवस्तुमा जनमुक्ति सेनाले गरेको भीषण हमला र सेवोटेजपछि शाही सेना जनमुक्ति सेनालाई घेरा हाल्न अवस्थामा आउन सकेन।

पश्चिम सैन्य कमाण्डको टुकडी गण्डकमा केन्द्रित भएपछि त्यसका विरुद्ध प्रत्यक्ष कमान गर्न ज्ञानेन्द्रका आफैं पोखरा आउँदा पनि शाही सेना हर मोर्चामा नाकाम बन्नपुग्यो।

जति मोर्चा जनमुक्ति सेनाले गण्डकमा लड्यो, एकाधलाई छोडेर धेरै मोर्चामा सफलता हासिल गर्‍यो।

'दुश्मनको ढाडमा टेकेर टाउकोमा हान्ने' पार्टी केन्द्रको फौजी योजना मात्र गण्डकमा लागू भएन देशभर भइरहेका जनआन्दोलनलाई उत्कर्षमा लान पनि उत्तिकै सहयोग गर्‍यो।

झण्डै साँढे तीन महिनाका बीचमा जनमुक्ति सेनाले गण्डकका लाखौं जनतालाई फौजी र रणनीतिक दुवै ढंगले प्रशिक्षित बनायो।

कयौं गाउँमा जनमुक्ति सेनालाई नदेखेका जनताले लडाईकै क्रममा जनमुक्ति सेनालाई चिने। शाही सेनाका विरुद्ध लड्ने जनमुक्ति सेनालाई खाद्यान्न र गोला-वारुद पनि बोकेर सहयोग गरे।

गण्डकमा जनमुक्ति सेना मार्च गर्दा जनता कहिल्यै आतंकित बनेको पाइएन बरु उल्टो आफूलाई सुरक्षित पारेको अनुभूति गरे। यसैले होला-गण्डकको फौजी अभियान यदि जनमुक्ति सेना पश्चिम फर्कदा प्रत्येक बस्तीका जनताले 'फेरि आउनु होला है' भनी बिदाइ गरेको।

जनमुक्ति सेना शाही सेनासँग मात्र लडेन, देशभर भइरहेको ऐतिहासिक जनआन्दोलनमा सहभागी जनताको व्याक सपोर्टमा चौविसै घण्टा एलर्टमा रह्यो।

जनमुक्ति सेनाका सर्वोच्च कमाण्डर क.प्रचण्डको काशनपछि जनमुक्ति सेना जनआन्दोलनलाई थप शसक्त बनाउन आफ्ना कार्यक्षेत्रमा फर्कियो। आन्दोलनलाई गणतन्त्रको लक्ष्यमा पुर्‍याउन जनमुक्ति सेना रोड कब्जा गर्दै नयाँ ढंगले आफ्ना मोर्चामा केन्द्रित गर्‍यो। जनमुक्ति सेनाको गण्डक फौजी अभियानपछि कमान इञ्जार्च क.दिवाकरले मान्नुभयो जनमुक्ति सेनाले पार्टीले तयार गरेका फोजी योजना पूरा गर्ने क्रममा गण्डकमा प्रदर्शन गरेको वीरता, वलिदान मोर्चालाई साहस सधैं अमर रहने छ।'

गण्डक इञ्चार्ज क.अनिलले जनमुक्ति सेना फर्कन लाग्दा भन्नुभयो- आजदेखि हामी टुहुरो भएको अनुभूति हुँदैछ। चार डिभिजनको संयुक्त मार्चलाई यहाँको पार्टी, नेतृत्व र जनताले कहिल्यै भुल्ने छैनन्।

बिदाइका क्रममा डेपुटी कमाण्डर, डिभिजन कमिसार, कमाण्डरहरुले भने गण्डकका जनता क्रान्तिका पक्षमा छन्। यहाँका जनतासँग र जनमुक्ति सेनाको सम्बन्ध सदा अटुट रहने छ।

## माओवादीको .....

प्रस्तावले लोकतान्त्रिक गणतन्त्र पक्षधर राजनैतिक शक्ति नागरिक समाज, जातीय तथा सामाजिक संघ, संस्था एवम् बौद्धिक व्यक्तित्वहरुका बीचमा गणतान्त्रिक मोर्चा बनाई आन्दोलनलाई संविधानसभाको निर्वाचन नहुँदासम्म जारी राख्नु पर्ने कुरामा विशेष ध्यान केन्द्रित गरेको छ।

ग) प्रस्तावमा, सात संसदवादी दलहरुले जनआन्दोलनको मर्म र भावना विपरीत काम गर्न सक्ने खतराप्रति सावधान गराउँदै अविलम्व १२-बुँदे समझदारी अनुसार अगाडि बढ्न सात दलको सरकारसँग विशेष आग्रह गरेको छ। प्रस्तावले निसर्त, निष्पक्ष र स्वतन्त्र संविधानसभाको निर्वाचन सुनिश्चित गर्न तथा जनादेश अनुसार शाही सेना, प्रहरी, नोकरशाही लगायत सामन्ती निरंकुशतन्त्रका नाइकेहरुमाथि अविलम्ब कार्यवाही थाल्न जोड दिइएको छ। यदि सात दलको सरकार, १२-बुँदे समझदारी र जनआन्दोलनको गणतान्त्रिक आकांक्षाका विरुद्ध गएमा देशमा अर्को जनविद्रोह हुने र आफ्नो पार्टी त्यसको नेतृत्व गर्न तयार रहने कुरा पनि प्रस्तावमा स्पष्ट गरिएको छ।

घ) प्रस्तावले संविधानसभाको निर्वाचनमा जनताका निम्न आधारभूत समस्याहरुलाई ठीक ढंगले संवोधन गर्नु पर्ने तथा त्यसका लागि जनतालाई आन्दोलित गरिरहनु पर्ने कुरामा जोड दिएको छ। ती हुन् : धर्म निरपेक्ष राज्य, आत्मनिर्णयको अधिकार र जातीय, क्षेत्रीय स्वशासन, नेपाली मौलिकतासहितको संघात्मक राज्य प्रणाली, दलित र महिलाहरुका लागि विशेषाधिकार, क्रान्तिकारी भूमिसुधार, स्वतन्त्र राष्ट्रिय अर्थनीति, वैदेशिक हस्तक्षेपको विरोध, वैज्ञानिक र जनमुखी शिक्षा प्रणाली, देशभित्र रोजगारीको सुनिश्चितता आदि।

ङ) प्रस्तावले सात दलको सरकारसंग गर्ने वार्ताका सन्दर्भमा पार्टीको मार्गचित्र निम्न अनुसार स्पष्ट गरेको छ-

- युद्धविराम गर्ने, आचारसंहिता निश्चित गर्ने, वार्ता टोलीको गठन, आम राजबन्दीको रिहाइ, वार्ता आरम्भ गर्ने, पुरानो संसद, संविधान र सरकार विघटन र खारेज गर्ने, राजनैतिक दल, नागरिक समाज र विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरुसमेतको प्रतिनिधित्वमा राजनैतिक सम्मेलन गरी अन्तरिम विधान र अन्तरिम सरकारको गठन गर्ने, नेपाली समाजका सबै वर्ग, जाति, क्षेत्र र लिंगका जनसमुदायको प्रतिनिधित्व सुनिश्चित हुने गरी निर्वाचन क्षेत्रको निर्धारण, भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणसहित संविधानसभाको निर्वाचन गर्ने, निर्वाचनमा अभिव्यक्त जनमत अनुसार जनमुक्ति सेना र 'शाही' सेनासमेत समग्र राज्यको पुनर्संरचना गर्ने।

३) केन्द्रीय समितिको बैठकले सात दलको सरकारसँग वार्ताका सन्दर्भमा महत्वपूर्ण निर्णय गर्न शिखर वार्ता गर्नु पर्ने तथा त्यसप्रकारको शिखर वार्तामा अध्यक्ष क.प्रचण्डले नै वार्ता टोलीको नेतृत्व गर्ने ठेगान गरेको छ। बैठकले शिखर वार्ताको तयारीका लागि तत्काल केन्द्रीत समितिका प्रवक्ता क.कृष्णबहादुर महराको नेतृत्वमा क.देव गुरुङ र क.दीनानाथ शर्मा रहेको तीन सदस्यीय वार्ता टोलीको गठन गरेको छ।

४) बैठकले शान्तिपूर्ण जनसभाहरुका लागि केन्द्रीय वक्ता टोली समेत निश्चित गरेको छ। सो वक्ता टोलीमा निम्न कमरेडहरु रहनु भएको छ- मातृकाप्रसाद यादव, हितमान शाक्य, गोपाल किराती, चन्द्र खनाल, अग्नी प्रसाद सापकोटा, देवेन्द्र पौडेल, नेत्रविक्रम चन्द, पम्फा भुषाल, जनार्दन शर्मा, नारायण प्रसाद शर्मा, लेखराज भट्ट, राम कार्की, खड्गबहादुर विश्वकर्मा।

बदलिएको परिस्थिति अनुसार शान्तिपूर्ण ढंगले राजनैतिक र संगठनात्मक कृयाकलापलाई अगाडि बढाउन आवश्यक कार्यविभाजन गरिएको छ।

## वार्ता प्रक्रियाले .....

अहिलेको ऐतिहासिक जनसंघर्षले नेपाली जनताका सबै तह र तप्कालाई गणतन्त्रमय बनाइ दिएको छ। यो ठोस ऐतिहासिक पृष्ठभूमिले देशमा वृहद् गणतान्त्रिक मोर्चा निर्माणको वस्तुगत आधार तयार पारिदिएको छ। यही वस्तुगत आधारमा उभिएर हाम्रो पार्टीले त्यसप्रकारको मोर्चा निर्माणका लागि सहयोग पुर्‍याउन सम्बन्धित सबैसँग अपिल गरेको छ।

यसप्रकारको गणतान्त्रिक मोर्चाले संविधानसभाको निर्वाचन हुने वा नहुने दुबै अवस्थामा जनआन्दोलनको नयां साधनको भूमिका खेल्ने छ। राज्यसत्ताको व्यापक पुनर्संरचनासहित लोकतान्त्रिक गणतन्त्रको दिशामा देशलाई डोर्‍याउनका लागि गणतान्त्रिक मोर्चाले ऐतिहासिक भूमिका खेल्न सक्ने कुरामाथि गंभीरतापूर्वक विचार गरेर नै हामीले यो प्रस्ताव अघि सारेका हौं। हामीलाई विश्वास छ, छिटै त्यसप्रकारको मोर्चा अगाडि आउने छ।

*अमेरिकी र भारतीय शासकको अहिलेको भूमिकालाई कसरी लिनुभएको छ ?*

हामीले सामान्यतः दरवार हत्याकाण्डदेखि र विशेषतः गत सालको शाही 'कू' पछि देशमा बढिरहेको अमेरिकी साम्राज्यवादी हस्तक्षेपको विरोध गर्दै आएका छौं। ने.क.पा.(माओवादी) र सात संसदवादी राजनैतिक दलका बीचमा सम्पन्न ऐतिहासिक १२-बुँदे समझदारीका विरुद्ध अमेरिकाले निरन्तर गर्न खोजेको 'सेवोटेज' सबैका अगाडि स्पष्ट छ। अहिले युद्धविराम भएर नयाँ वार्ताको तयारी भइरहेको स्थितिमा त्यही हस्तक्षेपको नयाँ कडीका रुपमा 'रिचर्ड वाउचर' ले घातक अभिव्यक्ति दिएर गएका छन्। १२-बुँदे समझदारीका आधारमा सबै पक्षसंग मिलेर हामी त्यसको व्यापक प्रतिरोध गर्ने छौं।

नेपाली जनताको भावना र नेपालको वास्तविक स्थिति बुझ्ने कुरामा भारतीय शासक-वर्गको विष्मयकारी लापरवाही र अनभिज्ञतालाई करणसिंह प्रकरणले आश्चर्यजनक रुपमा स्पष्ट गरेको छ। यसबाट भारतीय शासक वर्गको चेतना, २००७ सालको विवादास्पद दिल्ली संझौता भन्दा एक इन्च पनि अगाडि नबढेको वास्तविकतालाई उजागर गरेको छ। महान् नेपाली जनताले घृणापूर्वक पहिलो कथित शाही घोषणाको तिरस्कार र बहिष्कारसहित आन्दोलनलाई नयां उचाइमा उठाएपछि भारतीय विदेश सचिवले नेपाली जनताको कुनै पनि फैसलालाई सम्मान गर्ने कुरा गरेर Damage Control गर्न खोजे पनि स्थिति गंभीर बनी नै रहेको छ। यो घटनाक्रमले भारतीय शासकवर्गको एकाधिकारवादी चरित्रप्रति नेपाली जनताको आशंकालाई बल पुर्‍याउने काम नै गरेको छ।

*विद्यमान संसद, संविधान र सरकारको विघटन गरेर अन्तरिम विधान र अन्तरिम सरकारको कुरा उठाउनु भएको छ। संविधानसभा गराउने अन्तरिम सरकारको नेतृत्व कसले गर्ने भनेर*

*केन्द्रीय समितिमा छलफल त भएन ?*

हाम्रो पार्टीको हालै बसेको केन्द्रीय समितिको बैठकले वार्ता, शान्ति र अग्रगमनका लागि आफ्नो १०-बुँदे मार्गचित्र स्पष्ट गरेको छ। त्यसमा विद्यमान संसद, संविधान र सरकारको विघटन गर्ने तथा गोलमेच सम्मेलनमार्फत् अन्तरिम संविधान र अन्तरिम सरकार गठन गरी संविधानसभाको निर्वाचनमा जानेदेखि निर्वाचन परिणाम अनुसार सेना र राज्यको पुनर्संरचना गर्नेसम्मका कुरा स्पष्ट गरिएको छ। संविधानसभाको निर्वाचन प्रयोजनका निमित्त बन्ने अन्तरिम सरकारको नेतृत्व वार्ताको टेबलमा सहमतिको आधारमा नै हुनेछ।

*संविधानसभाको निर्वाचन हुने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?*

२००७ सालको पुनरावृत्तिको खतराप्रति सावधान रहेर नै हाम्रो पार्टीको केन्द्रीय समितिको बैठकले गणतान्त्रिक मोर्चा तथा संविधानसभाको निर्वाचन नहुंदासम्म जनताको निरन्तर आन्दोलनमा जोड दिएको छ। सबै गणतान्त्रिक शक्तिहरु एकजुट भएर जनतालाई आन्दोलित गरिरहने कर्तव्यमा ढिलाइ आएमा षडयन्त्रहरु सफल हुने खतरा छ। अतः हाम्रो पार्टीले वार्ता, मोर्चा र आन्दोलनको समुचित तालमेलमा जोड दिएको छ।

*तपाईहरुको वार्ता सम्बन्धी मार्गचित्रमा राजबन्दी रिहाइको कुरा गरिएको छ तर, वेपत्ता पारिएकाबारेमा केही बोलिएको छैन, यसको कारण के होला ?*

राजबन्दी रिहाइबारे जुन प्रावधान राखिएको छ, वेपत्ता पारिएकाहरुबारे पनि त्यसै प्रावधान अन्तर्गत सार्वजनिक गर्ने र रिहाइ गर्ने कुरा गरिएको हो। सार्वजनिक गरिएका र नगरिएका (वेपत्ता रहेका) दुबैलाई राजबन्दीका रुपमा सम्मानसहित रिहाइ गराउने त्यहां राजबन्दी रिहाइ गर्ने शब्दमात्र राखिएको हो। हाम्रो पार्टीका केन्द्रीय सदस्य क.दण्डपाणि न्यौपानेदेखि विद्यार्थी मोर्चाका पूर्व महासचिव क.पूर्ण पौडेलसम्म सयौंको संख्यामा वेपत्ता पारिएका राजबन्दीबारे पार्टी अत्यन्त गंभीर र संवेदनशील छ र वार्ता प्रक्रियामा यो विषयलाई त्यही गंभीरता र संवेदनशीलताका साथ लिइने छ। यो निर्विवाद प्रश्न हो।

*अन्तमा केही भन्नु छ कि ?*

गणतन्त्रको संघारमा आइपुगेको नेपाललाई गणतन्त्रको आंगनमा पुर्‍याउनका लागि एकजुट बनिरहन म आम नेपाली जनतासंग हार्दिक अनुरोध गर्दछु।

# धोका दिनेलाई जनताले नछाड्ने

**खिलबहादुर भण्डारी**

बुटवल/माओवादी जनयुद्धको तागतमा ऐतिहासिक उँचाइमा उठेको शान्तिपूर्ण जनआन्दोलनका उपलब्धिलाई रक्षा गर्दै मुलुकलाई निसर्त संविधानसभामा पुर्‍याउन माओवादीले गण्डक क्षेत्रमा आफ्ना गतिविधिलाई तीव्र पारेको छ। र, १२ बुँदे समझदारी पालना नगर्ने, गद्दारी गर्ने र जनताको मर्मअनुरुप नजाने जो सुकैलाई जनताले नछाड्ने माओवादीको राय छ।

गण्डक क्षेत्रका रुपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पालगायतका जिल्लामा माओवादीले सभा गरी मुलुकलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा लैजान राजनीतिक दलका नेता कार्यकर्ता, हजारौं जनता, सरकारी कर्मचारी र सुरक्षाकर्मीलाई आग्रह समेत गरेको छ। यतिबेला गण्डकका विभिन्न क्षेत्रमा स्थानीय र जिल्लास्तरका सभा, विचार गोष्ठी र अन्तर्क्रिया भइरहेका छन्।

लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा निर्माण गर्ने उद्देश्यले यही शुक्रबार बुटवलमा आयोजित सभामा बोल्दै माओवादी रुपन्देहीका सेक्रेटरी माधव शर्माले धोकापूर्ण संसद पुनःस्र्थापनापछि पनि सात दलसँगको समझदारीप्रति आफ्नो पार्टी अडिग रहेकोले त्यसलाई बचाइराख्न एक महिनाभित्रमा संसद विघटन गरी माओवादीसहितको अन्तरिम सरकार गठन गर्नुपर्ने बताउनुभएको छ।

'हामीले अझै बाटो हेरेका छौं, गल्ती सच्चिने आशा अझै जीवित छ, यदि दलहरुले राजनीतिक रुपमा निर्णय गर्न सकेनन् भने हाम्रो टक्कर उनीहरुसँग पनि शुरु हुनेछ'– चेतावनीपूर्ण शैलीमा उहाँले भन्नुभयो।

अखिल नेपाल शिक्षक संगठनका केन्द्रीय सदस्य भेषराज भुसालले सात दल र माओवादीबीचको १२ बुँदे समझदारी क्रमिक रुपमा भंग हुँदै गएको बताउँदै माओवादीको लचिलोपनालाई कमजोरी नठान्न चेतावनी दिनुभयो।

मधेशी राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय उपाध्यक्ष विनोद उपाध्यायले संसद लम्ब्याउँदै षड्यन्त्र शुरु भएको जिकिर गर्दै दल-माओवादीबीचका समझदारी कायम राख्नका लागि छिटोभन्दा छिटो राजनीतिक निर्णय गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा कांग्रेस नेता खेलराज पाण्डे, प्रजातान्त्रिक कांग्रेसका चिरन्जीवी जोशी, नेकपा(मार्क्सवादी)का एकराज पाण्डे, बुटवल बहुमुखी क्याम्पसका स्ववियु सभापति बाबुराम पन्थी, संविधानसभाका लागि नागरिक अभियानका प्रवक्ता बिनबहादुर कुँवर लगायतले मुलुकलाई छिटोभन्दा छिटो संविधानसभाको निर्वाचनमा लैजानुपर्नेमा जोड दिनुभयो।

यस्तै नवलपरासीको कावासोतीमा शनिबार आयोजित विशाल जनसभालाई सम्बोधन गर्दै गण्डक क्षेत्रीय ब्युरो सदस्य टंकमणिले माओवादीले जनताको मुट्ठी र आवाजबाटै समस्याको समाधान खोजेको र १२ बुँदे समझदारी पालना नगर्ने, गद्दारी गर्ने र जनताको मर्म अनुरूप नजाने र नजान उक्साउने जो कोहीलाई नछाड्ने बताउँदै त्यसो गर्नेलाई जनताले चोक्टा-चोक्टा पारेर लुछ्नेछन् भन्नुभएको छ।

संसद पुनर्स्थापनाको प्रसंगलाई कोट्याउँदै उहाँले अगाडि भन्नुभयो– 'दरबारले फालेको कलो टिप्न सात दलले हतार गरे। १२ बुँदे समझदारीलाई तोडेर हामीसँग कुनै सम्पर्क नगरी दरबारसँग सम्झौता गर्न पुगे। तर पनि हामीले मान्यौं अब बाह्र बुँदे समझदारीलाई नाघ्नु हुँदैन।'

जिल्लाभरिका करिब दश हजारको जनसहभागिता रहेको जनसभामाझ उहाँले आम नेपालीले ल्याउन चाहेको नयाँ नेपाल नआओस् भनी पटक–पटक भाँजो हाल्ने अमेरिकाविरुद्ध लडिरहने प्रतिबद्धता पनि जाहेर गर्नुभयो।

'संविधानसभाको पक्षमा जनमत सिर्जना गरौं, गणतान्त्रिक संविधानसभाको दिशामा अगाडि बढौं' भन्ने मूल नाराका साथ आयोजित जनसभामा अखिल नेपाल शिक्षक संघका केन्द्रीय अध्यक्ष गुणराज लोहनी, जनमुक्ति सेना नेपाल कृष्णसेन ब्रिगेड बटालियन राजनीतिक कमिसार उदयमान, नेकपा (माओवादी) नवलपरासी सेक्रेटरी आकाश, जिल्ला जनसरकार नवलपरासी प्रमुख चिनक कुर्मीलगायतले मन्तव्य राख्नुभएको थियो।

यसैगरी असल शासन क्लब जिल्ला समन्वय समिति पाल्पाले शनिबार पाल्पामा आयोजना गरेको 'समावेशी लोकतन्त्र श्रृंखला बहस' कार्यक्रममा बोल्दै माओवादी कम्पनी कमिसार नेत्र पाण्डेले संविधानसभाको निर्वाचनमा जान आलटाल गरी पुनः राजालाई सक्रिय बनाउन खोजेमा जनमुक्ति सेनाले नसहने बताउनु भयो।

# निरंकुश फासीवादलाई पराजित गरेरै छाड्ने दृढता

घुर्मी (उदयपुर)/वर्तमान विश्वमा सबैभन्दा ठूलो न्यायपूर्ण युद्ध लडिरहेको गौरवशाली जनमुक्ति सेना नेपालका डिभिजन कमाण्डर क. राजेशले नेपाली जनताको पूर्ण मुक्ति नभएसम्म जनमुक्ति सेना लडिरहने प्रतिवद्धता व्यक्त गर्नुभएको छ। यही बैशाख २८ गते खोटाङ्ग, सिन्धुली, उदयपुर र ओखलढुङ्गाको सिमानामा पर्ने लेखानी गाजसको घुर्मी बजारमा आयोजित विशाल जनसभालाई सम्बोधन गर्दै निरंकुश फासीवादलाई पराजित गरेरै छाड्ने दृढता व्यक्त गर्नुभयो।

प्रमुख अतिथिको आसनबाट बोल्दै क.राजेशले नेपालको राजनीतिक इतिहासमा पटक-पटक भएको धोखाधडी र सम्झौताको स्मरण गर्दै नेपाली जनता फेरि कहिल्यै लड्न नपर्ने गरी अन्तिम युद्धमा सामेल भएको बताउनु भयो। बीसौं हजार जनसमुदायको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा सात राजनीतिक दलहरुले जनआन्दोलनका अपराधीहरुलाई कार्वाही गर्न नसके जनताले कार्वाही गर्ने र त्यसका लागि जनमुक्ति सेना तयार रहेको समेत बताउनु भयो।

सगरमाथा-जनकपुर व्युरोद्वारा आयोजित जनसभामा उपस्थित जनसमुदायलाई स्वागत गर्दै जनकपुर उपव्युरोका संयोजक क.कमलले सडकमा बगेको नेपाली जनताको रगत सुक्न नपाउँदै फेरि जनविरोधी षडयन्त्र शुरु भइसकेकोले सबै नेपाली जनता सचेत रहनुपर्ने बताउनुभयो। चोमोलुङ्मा साँस्कृतिक परिवारका जनकलाकारहरुले जनसभामा रोचक साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

अन्तर्राष्ट्रिय गायनबाट शुरु भएको उक्त जनसभाको सभापतित्व रामवृक्ष स्मृति बिग्रेडका राजनीतिक कमिसार क.विकासले गर्नुभएको थियो। कार्यक्रमलाई सम्बोधन गर्नै अन्य वक्ताहरुमा नेकपा (माओवादी) केन्द्रीय सल्लाहकार समितिकी सदस्य क.सिन्धु, संयुक्त मोर्चाका तर्फबाट क.दीर्घलाल श्रेष्ठलगायतका हुनहुन्थ्यो। सगरमाथा उपव्युरोको भौगोलिक संयोजक क.समरद्वारा सञ्चालित उक्त कार्यक्रममा वक्ताहरुले जनआन्दोलनको मर्मलाई आत्मसात गर्न नसक्ने हो भने वर्तमान सरकार तत्काल विघटन गरेर तुरुन्त अन्तरिम सरकार बनाउनु पर्ने धारणा राखेका थिए।

## बुटवल र पोखरा ....

पोखराको पृथ्वीचोकमा हुने सभामा वार्ता टोलीका सदस्यद्वय देव गुरुङ्ग, दीनानाथ शर्मा र केन्द्रीय वक्ता पम्फा भुसाल र जनार्दन शर्माले सम्बोधन गर्नुहुनेछ।

शान्तिपूर्ण रुपमा गर्न लागिएको जनसभा र जनप्रदर्शनको अहिले गण्डक क्षेत्रभरि व्यापक प्रचार प्रसार भइरहेको छ भने भित्ते लेखन, व्यानर, पोष्टरिङ्गले शहरका चोक गल्लीहरु रंगिएका छन्।

निसर्त संविधानसभाको लागि व्यापक जनदबाब गर्दै सबैखाले षडयन्त्रको पर्दाफास गर्न, सत्तामा पुगेकाहरुलाई खबरदारी गर्न जनअपराधी, हत्यारा र युद्धमाफियाहरुलाई तत्काल कार्वाही गराउन र माओवादी पार्टीका भावी योजना र कार्यक्रम बारे स्पष्ट गराउन सभाहरु आयोजना गरिएको बताइएको छ।

त्यसैगरी भोलि बुधवार पोखराको पृथ्वीनारायण क्याम्पसमा अखिल (क्रान्तिकारी)ले एक सभाको आयोजना गर्ने भएको छ। सो सभामा अनेरास्ववियू (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष लेखनाथ न्यौपानेले संबोधन गर्ने थाहा भएको छ।

त्यस्तै अखिल (क्रान्तिकारी) बुटवल बहुमुखी क्याम्पस इकाइको आयोजनामा हिजो विद्यार्थी दिवस मनाइएको खबर छ। विशाल सभाबीच मनाइएको सो दिवसमा अखिल (क्रान्तिकारी)का गण्डक संयोजक विन्दमान विष्ट, केन्द्रीय सदस्य तेजकुमारी पौडेल, नेविसंघका मुक्ति पौडेल, स्ववियू सभापति बाबुराम पन्थी लगायतले सम्बोधन गरेका थिए।

## माओवादीद्वारा .....

वर्षअघि पार्टी छोडी जाँड-रक्सी खाने जुवा-तास खेल्ने, माओवादीको नाउँमा चन्दा उठाउने र माओवादीको नाउँमा जनतालाई आतंकित गर्दै हिंडेपछि जनताबाट निजलाई माओवादीले कारवाही गरिदिनु पर्‍यो भनेर उजुरी परेको बताइएको छ। निज ढोकटको बैशाख ३० गते मृत्यु भएको थियो।